बागमती प्रदेशको उपलब्धि र चुनौतिहरू

असार २०८२

फेडरलिजम् एण्ड लोकलाइजेसन सेन्टर
भैँसेपाटी, ललितपुर

प्राक्कथन

नेपालको संविधानले नेपालको संरचना सङ्घ प्रदेश र स्थानीय गरी तीन तहको हुने भनी गरेको व्यवस्थासँगै नेपालमा सङ्घीय शासन प्रणालीको अभ्यास भएको सात वर्ष अवधि पूरा भएको छ । सङ्घीय शासन प्रणालीमा तहगत सरकारहरस्ले संविधान र कानून बमोजिम सहकार्य समन्वय र सह-अस्तित्वको सिद्वान्तमा रहेर शासन, विकास र सेवा प्रवाहको कार्य गर्दछन् ।

नेपालको सङ्घीय शासन प्रणालीलाई सबलीकरण गर्ने मुख्य उद्देश्यले अभिप्रेरित भई स्थापना भएको यस "फेडरलिजम् एण्ड लोकलाइजेसन सेन्ट (एफएलसी)" ले सो उद्देश्य प्राप्तिका लागि आफ्नो अध्ययन, अनुसन्धान, बहस तथा पैरवीका क्रियाकलापलाई सङ्घीयता, लोकतन्त्र, अन्तरतहगत सम्बन्ध तथा समावेशी शासन प्रणालीका विषयवस्तुमा केन्द्रित गर्ने गरेको छ। यिनै सवालहरूमा यो संस्थाले पछिल्ला दिनमा सङ्घीय संसद (प्रतिनिधि सभा र राष्ट्रिय सभा), प्रमुख राजनीतिक दलहरू, सातै प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत विभिन्न सरोकारवाला पक्षहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गरी सङ्घीयता सबलीकरणमा योगदान पुर्याइरहेको छ।

सङ्घीयता बलियो हुन यसको जग र आधार बलियो हुन जरुरी हुन्छ। नेपालको सङ्घीयताको जग र आधार भनेका प्रदेश र स्थानीय तह हुन्। ती संरचना बलियो बन्नका लागि संरचनाहरू कामकाजी हुनुपर्छ । यतिले मात्र पुग्दैन, गरेका कार्यको सम्बन्धमा जनतामा प्रचार-प्रसार समेत हुनुपर्ने हुन्छ ।

बागमती प्रदेश सरकार स्थापना भई सञ्चालनमा आएपश्चात् प्रदेश सरकारले आफ्ना विषयगत क्षेत्रहरूमा हासिल गरेका उपलब्धिको सम्बन्धमा हालसम्म व्यवस्थित रूपमा अध्ययन नभएकोले एफएलसीले यो संक्षिप्त अध्ययन विश्लेषण गरेको छ । यो प्रतिवेदनले बागमती प्रदेश सरकारको शासन र विकास यात्राको मुख्य उपलब्धिको संक्षेप विवरण, सुधारका क्षेत्रहरूको पहिचान र केही सुझावहरू सिफारिस गरेको छ ।

यस अध्ययन प्रतिवेदनका संयोजक दिलकुमारी रावल थापा (पार्वती) प्रतिवेदन तयार गर्ने बागमती प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का श्रीराम पोखरेल विशेष धन्यवादका पात्र हुन् । उहाँहरूका अनुसन्धान अनुभव, तथ्यहरूप्रति निष्ठा, गहिरो विश्लेषण क्षमता र प्रदेशप्रतिको संवेदनशील दृष्टिले यो प्रकाशनलाई गहनता र उपयोगिता प्रदान गरेको छ। यसैगरी, प्रतिवेदनलाई सम्पादन गरी पठनीय बनाउने संस्थाका बरिष्ठ कार्यक्रम संयोजक कृष्णकुमार साहलाई धन्यवाद व्यक्त गर्दछौँ । अनुसन्धानको अवधारणादेखि तयार पार्नसम्म सहयोग गर्नुभएका सबै सरोकारवाला, प्रदेशका

पदाधिकारी, निकायहरू, र सहकर्मीहरूलाई पनि फेडरलिजम् एण्ड लोकलाइजेसन सेन्टर हार्दिक आभार प्रकट गर्दछ।

हामी आशा गर्छौं, यो अध्ययन बागमती प्रदेशको शासन अभ्यासबारे जान्न चाहने सबैका लागि मार्गदर्शक दस्तावेज हुनेछ। सङ्घीयताको संस्थागत सबलीकरण, उत्तरदायी सरकार र समावेशी विकासप्रति केन्द्रित यस्ता प्रयासहरू भविष्यमा पनि निरन्तर भइरहून भन्ने हाम्रो कामना छ।

फेडरलिजम् एण्ड लोकलाइजेसन सेन्टर (एफएलसी)

भैंसेपाटी, ललितपुर

असार, २०८२

विषयसूची

कार्यकारी सारांश ६

1.परिचय ७

1.1 पृष्ठभूमि ७

१.२ अध्ययनको औचित्य तथा उद्देश्य ९

१.३ अनुसन्धान विधि र सीमा ९

2. प्रदेशको संस्थागत संरचना १०

3. विषयगत क्षेत्रका उपलब्धिहरू १२

३.१ आर्थिक क्षेत्र १२

३.१.१ प्रदेशको बजेट १२

३.१.२ उद्योग क्षेत्र १४

३.१.३ कृषि १५

३.१.४ वन क्षेत्र १६

३.२ सामाजिक क्षेत्र १७

३.२.१ गरिबी निवारण १७

३.२.२ श्रम तथा रोजगारी १७

३.२.३ ऊर्जामा पहुँच १८

३.२.४ सिंचाइ १८

३.२.५ स्वास्थ्य १८

३.२.६ शिक्षा १९

३.२.७ संस्कृति २१

३.३ पूर्वाधार क्षेत्र २२

3.3.1 सडक यातायात तथा पुल पूर्वाधार २२

४ सुशासन अन्तरसम्बन्धित क्षेत्र २३

५ प्रमुख समस्या र चुनौतिहरू २४

५.१ प्रमुख समस्या २४

५.१.१ राजनीतिक अस्थिरता २४
५.२ मुलभूत चुनौति २६
६ निष्कर्ष र सुझाव २६
६.१ निष्कर्ष २६
६.२ सुझाव २८
६.२ १. तत्काल गर्नुपर्ने कार्यहरू २८
६.२.२ दीर्घकालीन रणनीतिहरू २९

कार्यकारी सारांश

बागमती प्रदेश सरकारले सङ्घीय प्रणाली कार्यान्वयनको सात वर्षे अवधिमा कानुनी, संस्थागत, भौतिक, सामाजिक, आर्थिक र प्रशासनिक क्षेत्रहरूमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ । प्रदेशको नाम –बागमती‘ राखिएको र –हेटौडा‘ राजधानी तोकिएको छ । हालसम्म प्रदेश सभाले ८२ वटा ऐन पारित गरेको छ । २०८१ फागुनसम्म बागमती प्रदेशमा 56 हजार 2 सय 97 उद्योग दर्ता भएका छन् । प्रदेशले 52 हजार 4 सय 52 उद्योगलाई नविकरण गरेको छ ।

प्रदेशले सामाजिक क्षेत्रमा उल्लेखनीय कार्यहरू गरेको छ । नेपाल जीवनस्तर सर्वेक्षण चौथो (2079/80) अनुसार बागमती प्रदेशको निरपेक्ष गरिबी १२.59 प्रतिशत र बहुआयामिक गरिबी ७.0 प्रतिशत छ। जुन राष्ट्रिय औसतभन्दा कम छ। नेपाल श्रमशक्ति सर्वेक्षण, 2074/75 (तेस्रो) बागमती प्रदेशमा काम गर्ने उमेर समूहको जनसङ्ख्या 48 लाख 65 हजार छन् । यसमध्ये 21 लाख 29 हजार रोजगार र 1 लाख 61 हजार बेरोजगार छन्। बागमती प्रदेशको बेरोजगारी दर 7 प्रतिशत र रोजगारी-जनसङ्ख्या 43.8 प्रतिशत छ। बागमती प्रदेश सरकारले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७६ जारी गरी त्यही वर्ष मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गरेको हो।

शासनका पक्षमा भ्रष्टाचारविरुद्ध रणनीति, वित्तीय अनुशासन, आन्तरिक नियन्त्रण प्रणाली, आयोजना बैंक र खर्च सुधारका लागि निर्देशिका लागू गरेको छ । प्रदेशले निजामती सेवा ऐन कार्यान्वयन, लोकसेवा आयोगमार्फत पदपूर्ति, र सार्वजनिक सेवामा पारदर्शिता प्रवर्द्धनमा विशेष जोड दिएको छ ।

यद्यपि, अधिकार प्रयोगमा सङ्घीय हस्तक्षेप, सीमित श्रोत परिचालन, बजेटको कटौती, सङ्घीय सरकारको अनुदारता, कर्मचारी समायोजनको अस्पष्टता, स्थानीय तहसँग समन्वयको कमजोरी र राजनीतिक अस्थिरता बागमती प्रदेशको प्रमुख चुनौतीहरू छन् । सङ्घीयता सुदृढीकरणका लागि प्रदेश समन्वय परिषद्, प्रशासनिक समन्वय समिति तथा अन्तरप्रदेश संवादमार्फत सहकार्य र नीतिगत एकरूपता कायम राख्ने पहल गरेको छ ।

बागमती प्रदेशले संरचना निर्माणदेखि सेवा प्रवाह, कानुनी विकास, वित्तीय अनुशासन र स्थानीय सरकार सशक्तीकरणसम्मका क्षेत्रमा महत्त्वपूर्ण प्रगति गरेको छ । अबका दिनमा उपलब्धिको संस्थागत विकास गर्दै अधिकार प्रयोग, आन्तरिक स्रोत सुदृढीकरण र परिणाममुखी शासन प्रणालीको माध्यमबाट सङ्घीयताको प्रभावकारिता स्थापित गर्ने चुनौती र अवसर दुवै रहेका छन् ।

1.परिचय

1.1 पृष्ठभूमि[1]

बागमती प्रदेशमा संविधान बमोजिम धादिङ, रसुवा, रामेछाप, सिन्धुपाल्चोक, दोलखा, नुवाकोट, काभ्रेपलाञ्चोक, काठमाडौं, भक्तपुर, ललितपुर, सिन्धुली, मकवानपुर र चितवन गरी १३ वटा जिल्लाहरू छन् । यस प्रदेशअन्तर्गत हिमाली क्षेत्रका पाँच जिल्ला (धादिङ, रसुवा, रामेछाप, सिन्धुपाल्चोक र दोलखा), पहाडी क्षेत्रका दुई जिल्ला (नुवाकोट र काभ्रेपलाञ्चोक), उपत्यकाका तीन जिल्ला (काठमाडौं, ललितपुर र भक्तपुर) र भित्री मधेशका तीन जिल्ला (सिन्धुली, मकवानपुर र चितवन) छन् । प्रशासनिक एकाइका रूपमा ११९ स्थानीय तह रहेको यस प्रदेशमा ३ महानगरपालिका, १ उपमहानगरपालिका, ४१ नगरपालिका र ७४ गाउँपालिका र १,१२१ वडा छन्। प्रदेशका १३ वटा जिल्लाहरूमध्ये काठमाडौं र भक्तपुर जिल्ला गाउँपालिका विहिन छन् भने रसुवा जिल्लामा नगरपालिका छैन। यस प्रदेशको जम्मा क्षेत्रफल २०,३०० वर्ग किलोमिटर छ जुन नेपालको कुल क्षेत्रफलको १३.७९ प्रतिशत हो ।

चित्र १ : बागमती प्रदेशको नक्सा

स्रोत : https://pppc.bagamati.gov.np

यस प्रदेशमा हिन्दुहरूको आराध्यदेव पशुपतिनाथ, बूढानीलकण्ठ, स्वयम्भूनाथ, चाँगुनारायण, गोसाइँकुण्ड, कालिञ्चोक भगवती, भिमेश्वर, लगायतका महत्वपूर्ण धार्मिक स्थलहरू छन्। यो प्रदेश ताल, कुण्ड तथा सिमसारीय महत्त्व राख्ने प्रदेश हो। यस प्रदेशमा बीस हजारीय ताल, गोसाइँकुण्ड, च्छोरोल्पा हिमताल, जटपोखरी, पाँचपोखरी तथा बहुलापोखरीजस्ता महत्त्वपूर्ण सम्पदाहरू छन्। यस प्रदेशमा रहेको लाङटाङ हिमश्रृंखला र गौरीशंकर हिमशृङ्खला गरी दुईओटा हिमशृङ्खला छन् । यी दुबै हिमशृङ्खलाहरू पर्यटनका दृष्टकोणले महत्वपूर्ण छन्। नेपालमा ५ हजार मिटरभन्दा माथिका हिमचुचुराको सङ्ख्या ४१४ ओटा रहेकोमा यस प्रदेशमा ६१ वटा छन्। यस प्रदेशमा रहेका अग्ला

[1] पृष्ठभूमि खण्ड राष्ट्रिय जनगणना २०७८ प्रदेशस्तरीय जनसाङ्ख्यिक प्रतिवेदन, २०८१को आधारमा तयार गरिएको छ।

चुचुराको उचाई क्रमश: लाङ्टाङ लिरूङ् ७,२२७ मिटर, लाङ्टाङ ७,२०५ मिटर, र गौरीशंकर ७,१३५ मिटर छ।

नेपालको जनगणना २०७८ अनुसार यस प्रदेशको कुल जनसङ्ख्या ६१,१६,८६६ छ । यसमध्ये पुरूषको सङ्ख्या ३०,४८,६८४ (४९.८४ प्रतिशत) र महिलाको सङ्ख्या ३०,६८,१८२ (५०.१६ प्रतिशत) छ । प्रदेशमा लैङ्गिक अनुपात ९९.३६ छ। यस प्रदेशमा १५,७०,९२७ परिवारको बसोबास रहेको छ जहाँ औसत परिवार आकार मात्र ३.८९ छ । उक्त परिवारमध्ये एकल परिवार ६४.९ प्रतिशत र संयुक्त परिवार ३५.१ प्रतिशत छन् । वार्षिक जनसङ्ख्या वृद्धिदर ०.९७ प्रतिशत छ भने यस प्रदेशको जनघनत्व ३०१ प्रति वर्ग कि. मि. छ ।

तालिका १ : बागमती प्रदेशको *विवरण*

विवरण	सङ्ख्या
जिल्ला	१३ वटा
सङ्घीय निर्वाचन क्षेत्र	३३ वटा
प्रादेशिक निर्वाचन क्षेत्र	६६ वटा
महानगरपालिका	३ वटा
उप महानगरपालिका	१ वटा
नगरपालिका	४१ वटा
गाउँपालिका	७४ वटा
वडा	११२१ वटा
कुल क्षेत्रफल	२०,३०० वर्ग कि.मी.

स्रोत : राष्ट्रिय जनगणना २०७८

यस प्रदेशमा कुल १३८ जातजातिको बसोबास छ जसमा पाँच प्रतिशत भन्दा बढी हुने जातजातिमा क्रमश: तामाङ (१९.९%), ब्राम्हण पहाड (१७.८%), क्षेत्री (१७.४%), (११.३%), नेवा:-नेवार (१५.६%) र मगर (५.१%) छन्।

यस प्रदेशमा कुल १०८ वटा मातृभाषा बोलिन्छ जसमा पाँच प्रतिशत भन्दा बढी बोलिने मातृभाषामा नेपाली (५६.०%) र दोस्रोमा तामाङ (१८.०%) तथा तेस्रोमा नेपालभाषा/नेवार (११.८%) छन्। धार्मिक हिसाबमा यस प्रदेशमा सबभन्दा बढी हिन्दु ७२.०% तथा बौद्ध धर्मावलम्बीहरू २२.३% छन्।

यस प्रदेशको समग्र साक्षरता दर ८२.१ प्रतिशत छ जहाँ पुरुषको साक्षरता दर ८८.३ प्रतिशत र महिलाको साक्षरता दर ७६.० प्रतिशत छ । ५ वर्षदेखि १७ वर्ष उमेरसमूहका बालबालिकाको समग्र साक्षरता दर करिब ९८ प्रतिशत छ ।

ग्रामीण तथा सहरी क्षेत्रको श्रेणीगत वर्गीकरणअनुसार यस प्रदेशमा २९.७ प्रतिशत जनसङ्ख्या ग्रामीण, १४.३ प्रतिशत जनसङ्ख्या अर्धशहरी र ५६.० प्रतिशत जनसङ्ख्या शहरी क्षेत्रमा बसोबास

गर्दछन् । बागमती प्रदेशको कुल प्रजनन् दर १.३७ छ भने औसत आयु ७२.४ वर्ष (पुरुषको ६९.६ वर्ष र महिलाको 7४.९ वर्ष) छ। यस प्रदेशमा अझैपनि बालविवाहको दर ८.५ प्रतिशत (पुरुषको ३.५ % र महिलाको १३.२%) छ ।

नेपालको संविधानले नेपालको संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको हुने भनी गरेको संवैधानिक तथा कानूनी व्यवस्था बमोजिम प्रदेशको स्थापना भएको हो। नेपालको संविधान २०७२ जारी गर्दा प्रदेश नं. ३ नामकरण गरिएको यस प्रदेशको नाम २०७६ पौष २७ गते आइतबार बसेको बागमती प्रदेश सभाले बागमती प्रदेश नामकरण गरेको थियो । यस प्रदेशको राजधानी मकवानपुर जिल्लाको हेटौडामा छ ।

१.२ अध्ययनको औचित्य तथा उद्देश्य

संविधान निर्माणको करिब एक दशक तथा सङ्घीयता कार्यान्वयनको ७ वर्ष पुरा भएको छ। संविधान तथा कानून वमोजिम प्राप्त अधिकारको दायरामा रहेर यस अवधिमा प्रदेश सरकारले भौतिक पूर्वाधार निर्माण, सामाजिक विकास, कानूनी संरचना निर्माण, तहगत सम्बन्ध विकास लगायतका बहुआयामिक क्षेत्रमा महत्त्वपूर्ण कार्यहरू गरेको छ। तर, यसको व्यवस्थित अध्ययन भएको छैन। प्रदेश सरकारका हालसम्मका कार्यबाट हासिल गरेका उपलब्धिको सम्बन्धमा उपलब्ध तथ्य र तथ्याङ्कहरूको आधारमा अध्ययन र विश्लेषण गर्न यो अनुसन्धानको कार्य महत्वपूर्ण छ।

प्रदेश सरकार सञ्चालनका विभिन्न स्तरमा देखा परेका समस्याहरूको बारेमा अध्ययन गरी तिनका समाधानका विकल्पहरू सुझाव प्रस्तुत गर्न तथा प्रदेश सरकारको सामुन्नेमा रहेका चुनौतीहरू समेत पहिचान गरी सो को सामना गर्ने उपायहरू समेत सिफारिस गर्नको लागि यो अध्ययनको आवश्यकता रहेको छ। यसका साथै बागमती प्रदेश सरकारले आफ्नो स्थापना कालदेखि हालका दिनसम्मको यात्रा तय गर्दा हासिल गरेका उपलब्धि तथा अबका दिनमा रहेका चुनौतिका सम्बन्धमा जानकारी, तथ्य, तथ्याङ्कको उपलब्धता देखि लिएर सम्बन्धित विषयमा अध्ययन अनुसन्धानका लागि सन्दर्भ सामाग्री समेतका लागि प्रस्तुत अध्ययन प्रतिवेदन उपयोगी हुनेछ। यस अध्ययनले बागमती प्रदेशलाई बलियो बनाउन र सङ्घीयता सबलीकरण गर्न समेत मद्दत पुग्ने अपेक्षा छ ।

१.३ अनुसन्धान विधि र सीमा

यस प्रतिवेदनमा उल्लेख गरिएका तथ्य तथा तथ्याङ्कहरू द्वितीय श्रोतमा आधारित छन्। प्रदेश सरकारका मन्त्रालय, प्रदेश सभा वा अन्य निकायका प्रकाशन तथा उपलब्ध तथ्याङ्क,

महालेखापरीक्षकको कार्यालयको प्रतिवेदन (बागमती प्रदेश), समेतलाई प्रतिवेदनका तयारीको आधारको रूपमा ग्रहण गरिएको छ। प्रकाशन नभएका सूचनाहरूका लागि सम्बन्धित मन्त्रालयबाट सूचना माग गरी ति मध्ये औपचारिक र प्रमाणित सूचनालाई प्रतिवेदनको अङ्ग बनाइएको छ।

प्रतिवेदन तयार गर्दाका वखतमा आवश्यक तथ्याङ्क तथा विवरण एकीकृत रूपमा प्राप्त हुन सकेनन्। बहु-निकायबाट तथ्याङ्क प्राप्त गर्दा समयका हिसावले कतिपय तथ्याङ्कमा फरक-फरक अवधि हुन पुगेको छ। सबै निकायमा सूचनाहरू तयारी अवस्थामा नरहने स्थितिले प्राप्त सूचनाको आधिकारिकताको अभावमा प्रमाणित नभएका केही तथ्य/सूचनाहरूलाई यस प्रतिवेदनमा समावेश गर्न सकिएन।

प्रस्तुत अध्ययन प्रतिवेदनले बागमती सरकारले स्थापनादेखि २०८१ चैत्र मसान्तसम्मको अवधिमा विषयगत क्षेत्रमा हासिल गरेका मुख्य मुख्य उपलब्धि र आउँदो दिनका लागि सतहमा देखिएका मुख्य-मुख्य व्यवधानहरू सम्मको जानकारी प्रदान गर्दछ। त्यसभन्दा बाहिर रहेर वा यसै विषयमा थप सुक्ष्म अध्ययन तथा विश्लेषण प्राप्त गर्ने प्रयोजनमा यो संक्षिप्त प्रतिवेदनले उपलब्ध गराउने जानकारी र सूचना अपर्याप्त हुनसक्छ ।

2. प्रदेशको संस्थागत संरचना

नेपालको संविधान २०७२ जारी भएपछि सङ्घीय संरचनाअन्तर्गत प्रदेश व्यवस्थापिका गठनको लागि यस प्रदेशमा २०७४ मंसिर १० र २१ मा गरी दुई चरणमा निर्वाचन सम्पन्न भई प्रत्यक्ष निर्वाचन प्रणालीबाट ६६ जना र समानुपातिक निर्वाचन प्रणालीबाट ४४ जना गरी जम्मा ११० जना सांसदहरू निर्वाचित भएका थिए । नेपालको संविभानको धारा १६३ को उपधारा (१) बमोजिम प्रत्येक प्रदेशमा नेपाल सरकारको प्रतिनिधिको रूपमा प्रदेश प्रमुख रहने व्यवस्था भए बमोजिम सम्माननीय राष्ट्रपतिबाट मिति २०७४ माघ ३ गते माननीय अनुराधा कोइरालालाई नियुक्ति गरिएको थियो । बागमती प्रदेश सभा गठन भएपछि २०७४ माघ २७ गते प्रदेशसभामा भएको निर्वाचनबाट सभामुख पदमा माननीय सानुकुमार श्रेष्ठ र मिति २०७४ माघ २८ गते भएको निर्वाचनबाट उपसभामुखमा माननीय राधिका तामाङ निर्वाचित हुनुभयो ।

तालिका २ : बागमती प्रदेशका मन्त्रालय, कार्यालय र कर्मचारी दरबन्दी सङ्ख्या			
क्र.सं.	मन्त्रालय/निकाय	कार्यालय	दरबन्दी
१.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२	८६
२.	आन्तरिक मामिला तथा कानून मन्त्रालय	१	४८
३.	आर्थिक मामिला तथा योजना मन्त्रालय	१1	१३३
४.	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	37	५८३
५.	खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय	२4	३४3
६.	संस्कृति तथा पर्यटन मन्त्रालय	२	१17
७.	उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय	१४	२०५
८.	भौतिक पूर्वाधार विकास मन्त्रालय	21	३61
९.	श्रम, रोजगार तथा यातायात मन्त्रालय	१२	283
१०.	वन तथा वाताबरण मन्त्रालय	२४	१०१५
११.	सामाजिक विकास मन्त्रलय	9	192
१२.	स्वास्थ्य मन्त्रालय	४४	१५७१
13.	सहकारी तथा गरिबी निवारण मन्त्रालय	2	38
14.	युवा तथा खेलकुद मन्त्रालय	3	38
१5.	प्रदेश सभा सचिवालय	-	४१
१6.	प्रदेश लोक सेवा आयोग	-	४२
१7.	प्रदेश नीति तथा योजना आयोग	-	२१
१8.	मुख्य न्यायाधिवक्ताको कार्यालय	-	१२

जम्मा	20६	५१29
स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, २०८1		

साथै, २०७४ माघ २९ गते तत्कालीन प्रदेश सभामा बहुमत प्राप्त दल नेपाल कम्युनिष्ट पार्टी (एमाले)का संसदीय दलका नेता डोरमणि पौडेल प्रदेशको मुख्यमन्त्री पदमा नियुक्त हुनु भयो (अनुसूची १)। प्रदेश सरकार गठन भएको केही हप्तामै २०७४ चैत्र १५ गते संसदमा विभिन्न समितिहरू गठन गरी सभापतिहरूको समेत चयन गरिएका थिए (अनुसूची २)।

बागमती प्रदेशमा विभिन्न मन्त्रालय, सचिवालय तथा आयोग गरी कुल १8 वटा निकाय अन्तर्गत 20६ वटा कार्यालयहरू छन्। उक्त कार्यालय अन्तर्गत जम्मा ५ हजार १ सय 29 कर्मचारीको दरबन्दी छ ।

प्रदेश संरचनालाई संस्थागत गराउनका लागि प्रदेशसभाले करिब ८२ वटा ऐन बनाएको छ । प्रदेशसभाले २०८१ माघ ७ गतेसम्ममा २४८ ऐन, अध्यादेश, नियमावली, विनियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड र आदेशहरू जारी गरेको छ (अनुसूची ३) ।

3. विषयगत क्षेत्रका उपलब्धिहरू

३.१ आर्थिक क्षेत्र

३.१.१ प्रदेशको बजेट

आर्थिक वर्ष २०८१/८२ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३६.52 प्रतिशत छ। आर्थिक वर्ष २०८०/८१ मा बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु. २० खर्ब ६९ अर्ब ७ करोडबाट बढेर आर्थिक वर्ष 2081/8२ मा रु. २२ खर्ब ३० अर्ब 2३ करोड पुगेको छ। आर्थिक वर्ष २०८१/8२ मा नेपालको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर 4.61 प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएकोमा बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर 5.18 प्रतिशतले बढेको छ।

चित्र २ : कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा)

(रु. करोडमा)



बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०८२/८३को लागि करिब ६७ अर्ब ४८ करोड बजेट विनियोजन गरेको छ । जुन गत आर्थिक वर्षको तुलनामा ४.५५ प्रतिशतले बढी विनियोजन गरेको छ । आर्थिक वर्ष २०८१/०८२ मा 64 अर्ब 54 करोडको बजेट विनियोजन भएको छ, जुन अघिल्लो आर्थिक वर्षको तुलनामा 2.92 प्रतिशतले बढेको हो। आर्थिक वर्ष २०80/८1 को लागि 62 अर्ब 70 करोड बराबरको बजेट प्रस्तुत भएको थियो । आर्थिक वर्ष 2079/80 मा बागमती प्रदेशको बजेट 70 अर्ब ९३ करोड थियो। प्रदेश सरकार बनेदेखि प्रत्येक वर्ष बागमती प्रदेशले तुलनात्मक रूपमा बजेट वृद्धि गर्दै ल्याएको छ । तर आर्थिक वर्ष २०७९/८० मा प्रदेशले ७० अर्ब ९४ करोड बजेट बनाएर अहिलेसम्मकै सबैभन्दा धेरै बजेट विनियोजन गरेको थियो । प्रदेशले आर्थिक वर्ष २०८०/८१ मा ६२ अर्ब ७१ करोड बजेट ल्याएको थियो र त्यसपश्चात प्रदेश सरकारले प्रत्येक आर्थिक वर्षमा बजेट वृद्धि गर्दै आएको छ । प्रदेश सरकारको आम्दानी र वित्तीय हस्तान्तरणमा प्रभावकारिता कायम हुन नसक्दा बजेटको आकारमा उतार चढाव भएको हो ।

तालिका ३ : **प्रदेशको बजेट (रु. करोडमा)**

आर्थिक वर्ष	बजेट
2074/75	102.05
2075/76	3561.56
2076/77	4760.77
2077/78	5142.74
2078/79	5772.09
2079/80	7093.93
2080/81	6270.91
2081/82	6454.04
२०८२/८३	६७४७.७३
स्रोत : आर्थिक मामिला तथा योजना	

तालिका ४ : **प्रदेशको आ.व. २०८२/८३ को बजेट** (करोडमा)

कुल बजेट	चालु	पूँजीगत	वित्तीय हस्तान्तरण
६७ अर्ब ४७ करोड ७३ लाख	२६ अर्ब ४ करोड ४६ लाख	४१ अर्ब ४३ करोड २६ लाख	वित्तीय समानीकरण अनुदानतर्फ १ अर्ब ६६ करोड सशर्त अनुदानतर्फ ३ अर्ब ४३ करोड समपूरक अनुदानतर्फ २ अर्ब ७९ करोड विशेष अनुदान ७६ करोड ३० लाख

बागमती प्रदेशले विनियोजन गरेको ६७ अर्ब ४७ करोड ७३ लाख मध्ये पुँजीगत तर्फ ४१ अर्ब ४२ करोड २६ लाख र चालु तर्फ २६ अर्ब ४ करोड ४६ लाख छ । प्रदेशले चालुभन्दा बढी पूँजीगत तर्फ छुट्याएको छ । प्रदेशले वित्तीय हस्तान्तरण तर्फ वित्तीय समानीकरण अनुदान १ अर्ब ६६ करोड, सशर्त अनुदानतर्फ ३ अर्ब ४३ करोड, सम्पूरक अनुदानतर्फ २ अर्ब ७९ करोड र विशेष अनुदान तर्फ ७६ करोड ३० लाख विनियोजन गरेको छ । बागमती प्रदेशले बजेट विनियोजन गर्दा वित्तीय हस्तान्तरणबाट १४ अर्ब ८२ करोड र आन्तरिक राजस्व परिचालनबाट ५२ अर्ब ७६ करोडको अनुमान गरेको छ । प्रदेशले आन्तरिक राजस्वलाई मुख्य स्रोत बनाएको छ

स्रोत : प्रदेशको आ.व. २०८२/८३ को बजेट वक्तव्य

तालिका ५ : आ.व. २०८२/८३ को स्रोत अनुमान	
वित्तीय हस्तान्तरण	**१४ अर्ब ८१ करोड ९३ लाख**
अन्तरिक राजस्व परिचालन अनुमान	५२ अर्ब ७५ करोड ८० लाख
स्रोत : प्रदेशको आ.व. २०८२/८३ को बजेट वक्तव्य	

३.१.२ उद्योग क्षेत्र

उद्योग क्षेत्र उत्पादन, आय र रोजगारीको दृष्टिले विकासको मेरूदण्ड हुन्छ । सार्वजनिक, निजी एवम् विदेशी लगानी मार्फत औद्योगिक क्षेत्रको विकास र विस्तारमा सघाउ पुगेको छ।

२०८१ फागुनसम्म मुलुकभर दर्ता भएका लघु, घरेलु तथा साना उद्योगमध्ये बागमती प्रदेशमा 56 हजार 2 सय 97 उद्योग दर्ता भएका छन् । प्रदेशले 52 हजार 4 सय 52 उद्योगलाई नविकरण गरेको छ । वाणिज्यतर्फ मात्रै प्रदेशले 25 हजार 1 सय 83 उद्योग व्यवसायलाई दर्ता प्रमाणप्रत्र वितरण गरेको छ र 37 हजार 8 सय 6 उद्योग व्यवसाय नविकरण गरेको छ। नेपालमा दर्ता भएका कम्पनीमध्ये बागमती प्रदेशमा मात्र 70.0 प्रतिशत छन्।

चित्र ३ : प्रदेशमा उद्योग तथा वाणिज्य क्षेत्रबाट सङ्कलित राजस्व (रु. हजारमा)



स्रोत: उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, बागमती प्रदेश, २०८१

बागमती प्रदेशले उद्योग तथा वाणिज्य क्षेत्रबाट सबैभन्दा बढी आर्थिक वर्ष २०७७/७८ मा राजस्व सङ्कलन गरेको थियो । त्यसपश्चात प्रत्येक आर्थिक वर्षमा राजस्व क्रमश: घट्दै गएको छ ।

आर्थिक वर्ष २०८१/८२ मा कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको उद्योग क्षेत्रको योगदान 11.1 प्रतिशत छ ।[2]

३.१.३ कृषि

बागमती प्रदेशमा करिब ३० प्रतिशत मानिस ग्रामिण क्षेत्रमा बसोबास गर्छन् । नेपालको समग्र कृषि उत्पादनमा बागमती प्रदेशको हिस्सा 11.8 प्रतिशत छ। कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न बीउबिजन, रैथाने बाली संरक्षण तथा विस्तार, पशुपन्छी रोग नियन्त्रण, पशुनश्ल सुधार तथा कृषि जैविक विविधता संरक्षण एवं प्रवर्द्धनका लागि बागमती प्रदेशले विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ।

बागमती प्रदेशको कुल जनसङ्ख्यामध्ये २७ लाख २३ हजार ६३० जना अर्थात् प्रदेशको कुल जनसङ्ख्याको ४४.५२ प्रतिशत मानिस कृषि पेशामा आबद्ध छन्। बागमती प्रदेशको बाली सघनता दुई पुगेको छ । यो सूचक अनुसार बागमती प्रदेशका किसानले वर्षमा सरदर दुई बाली लगाउने गरेको छ। आर्थिक वर्ष २०८१/८२ मा कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको कृषि क्षेत्रको योगदान 11.8 प्रतिशत छ ।[3]

२०८१ फागुन मसान्तसम्म बागमती प्रदेशको कुल क्षेत्रफल मध्ये 3 लाख 52 हजार 244 हेक्टरमा खाद्यान्न बाली, 29 हजार 274 हेक्टरमा तेलहन बाली तथा 31 हजार 361 हेक्टरमा तरकारी बाली लगाइएको छ। आर्थिक वर्ष २०८१/८२ फागुन मसान्तसम्म खाद्यान्न बालीको उत्पादकत्व 3.18, दलहनको 1.17, तेलहनको 1.18, फलफुलको 11.10 र तरकारीको 17.01 मेट्रिक टन प्रति हेक्टर छ।

आर्थिक वर्ष 2081/82 को फागुन मसान्तसम्म बागमती प्रदेशमा धान र मकैको उत्पादन क्रमश: ४ लाख 98

तालिका ६ : प्रदेशकमा आर्थिक वर्ष २०८1/82 फागुन मसान्तसम्म कृषि बाली उत्पादन

बालीको किसिम	क्षेत्रफल हेक्टरमा	उत्पादन (मेट्रिक टन)	उत्पादकत्व (मेट्रिक टन प्रति हेक्टर)
खाद्यान्न बाली	३५२२४४	१११८६०६	३.18
दलहन बाली	१६९६८	१९८५२	१.17
तेलहन बाली	२९२७४	३४५४३	1.18
फलफुल	१२१२४	१३४५७६	11.10
तरकारी	३१३६१	५३३४५६	१७.01

स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, २०८1

[2] आर्थिक सर्वेक्षण, २०८1/82

[3] पूर्ववत् ।

हजार 6 सय 62 मेट्रिक टन र 5 लाख 37 हजार 89 मेट्रिक टन छ। गत आर्थिक वर्षको सोही अवधिको तुलनामा धान उत्पादन 17.72 प्रतिशत र मकै उत्पादन 19.28 प्रतिशतले बढेको छ । यसैगरी अन्य बालीको उत्पादन गत वर्षको तुलनामा बढेको छ।

आर्थिक वर्ष 2081/82 को फागुनसम्म दलहनबालीको उत्पादन 19 हजार 8 सय 52 मेट्रिक टन छ । गत आर्थिक वर्षको सोही अवधिको तुलनामा दलहन बालीको उत्पादन 6.42 प्रतिशतले घटेको छ। तेलहन बालीको उत्पादन ३४ हजार 5 सय 43 मेट्रिक टन रहेकोमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा 0.94 प्रतिशतले बढेको छ। प्रदेशको मुख्य तेलहन बाली तोरी हो ।

आलु प्रदेशको प्रमुख नगदेबाली हो। आर्थिक वर्ष 2081/82 को फागुनसम्म यस प्रदेशमा आलुको उत्पादन 7 लाख 46 हजार 3 सय 20 मेट्रिक टन र उत्पादकत्व 18.96 मेट्रिक टन प्रति हेक्टर छ। आलु खेतीको लागि काभ्रेपलाञ्चोक, नुवाकोट, मकवानपुर, र सिन्धुपाल्चोक जिल्लाहरू प्रसिद्ध छन् । प्रदेशले आर्थिक वर्ष २०८१/०८२ को फागुनसम्म बाली संरक्षण प्रयोगशालाबाट १३ वटा बाली उपचार शिविरमार्फत कुल १५६ वटा बाली बिरुवाका नमुना परीक्षण गरी बोट बिरुवाका रोग, किरा तथा अन्य शत्रु जिव पहिचान गरी २१० कृषकहरूलाई बाली संरक्षण सेवा प्रदान गरेको छ।

३.१.४ वन क्षेत्र

नेपालको कुल वन क्षेत्रमध्ये १7.05 प्रतिशत हिस्सा बागमती प्रदेशको छ । बागमती प्रदेशले आर्थिक वर्ष २०८1/८2 को फागुन मसान्तसम्म वन क्षेत्रको अन्य आय र सङ्घ, प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने वन रोयल्टी गरी जम्मा रु. १0 करोड 4८ लाख सङ्कलन गरेको छ ।

तालिका ७ : बागमती प्रदेशको वनजन्य उत्पादन

आर्थिक वर्ष	विरुवा उत्पादन र वितरण (सङ्ख्या)	काठ (क्युविक फिट)	दाउरा (चट्टा)	गैरकाष्ट वन पैदावार (जडीबुटी तथा अन्य) (किलोग्राम)
2076/77	1299509	1047794	759	255678
2077/78	1960515	1785837	2657	173812
2078/79	1254797	1883240	2195	590500
2079/80	892933	2344510	2649	604757
2080/81	301234	1670245.70	3012.23	102761
2080/81*	281370	1568734.07	2219.46	935654
2081/8२*	213381	1817875.12	5729.24	180546.74

स्रोत: वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश, 2081

नेपालको कुल भू-भागमध्ये २३.४ प्रतिशत भू-भाग संरक्षित क्षेत्रमा पर्छ। यस प्रदेशमा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, लाङटाङ राष्ट्रिय निकुञ्ज र गौरीशङ्करको पूरै भू-भाग तथा चितवन र

पर्सा राष्ट्रिय निकुञ्जको केही भू-भाग संरक्षण क्षेत्रमा पर्छन्। यस प्रदेशको ६०८५.४१ वर्ग किलोमिटर क्षेत्रफल अर्थात २९.९८ प्रतिशत संरक्षित क्षेत्रले ओगटेको छ।

३.२ सामाजिक क्षेत्र

३.२.१ गरिबी निवारण

बागमती प्रदेश सरकारले अवलम्बन गरेको नीतिगत व्यवस्था र लक्षित कार्यक्रमको कार्यान्वयनबाट निरपेक्ष गरिबी क्रमशः घटदै गएको छ। दिगो, समावेशी आर्थिक विकास तथा सामाजिक न्याय हासिल गर्ने सोचका साथ नागरिकलाई गरिबीको दुश्चक्रबाट मुक्त गराउन बागमती प्रदेश सरकारले गरिबी निवारण सम्बन्धी कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ।

नेपाल जीवनस्तर सर्वेक्षण चौथो (2079/80) अनुसार नेपालमा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या २०.२७ प्रतिशत र बहुआयामिक गरिबीको जनसङ्ख्या १7.४ प्रतिशत रहेकोमा बागमती प्रदेशको निरपेक्ष गरिबी १२.59 प्रतिशत र बहुआयामिक गरिबी ७.0 प्रतिशत छ। जुन राष्ट्रिय औसतभन्दा कम छ।

३.२.२ श्रम तथा रोजगारी

नेपाल श्रमशक्ति सर्वेक्षण, 2074/75 (तेस्रो) अनुसार नेपालमा काम गर्ने उमेर समूहको जनसङ्ख्या 2 करोड 7 लाख 44 हजार रहेको छ । जसमध्ये 70 लाख 86 हजार रोजगार र 9 लाख 8 हजार बेरोजगार छन्। बागमती प्रदेशमा काम गर्ने उमेर समूहको जनसङ्ख्या 48 लाख 65 हजार छन् । यसमध्ये 21 लाख 29 हजार रोजगार र 1 लाख 61 हजार बेरोजगार छन्।

नेपाल श्रमशक्ति सर्वेक्षण, 2074/75 (तेस्रो) अनुसार नेपालको बेरोजगारी दर 11.4 प्रतिशत र रोजगारी-जनसङ्ख्या 34.2 प्रतिशत छ । तर, बागमती प्रदेशको बेरोजगारी दर 7 प्रतिशत र रोजगारी-जनसङ्ख्या 43.8 प्रतिशत छ।

बागमती प्रदेशमा १० लाख २७ हजार मानिस औपचारिक क्षेत्रमा र ११ लाख २ हजार अनौपचारिक क्षेत्रमा सम्लग्न छन् । नेपालको कुल 26 लाख 75 हजार औपचारिक क्षेत्रमा काम गर्ने जनसङ्ख्या मध्ये ३८.39 प्रतिशत हिस्सा बागमती प्रदेशको छ । यसरी नै नेपालको कुल ४४ लाख ११ हजार अनौपचारिक क्षेत्रमा काम गर्ने जनसङ्ख्या मध्ये २४.९८ प्रतिशत हिस्सा बागमती प्रदेशकै छ। २०८१ फागुनसम्म बागमती प्रदेशका जिल्लाहरूबाट जम्मा 88 हजार 4 सय 87 जनाले श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका छन्। *

३.२.३ ऊर्जामा पहुँच

2081 फागुनसम्ममा नेपालको कुल जनसङ्ख्याको 99.0 प्रतिशत जनसङ्ख्यामा विद्युतको पहुँच (वैकल्पिक ऊर्जासहित) पुगेको छ भने बागमती प्रदेशमा ९९.97 प्रतिशत जनसङ्ख्यामा विद्युतको पहुँच पुगेको छ। नेपालको कुल विद्युत उत्पादनमध्ये बागमती प्रदेशले करिब 45 प्रतिशत विद्युत उत्पादनमा योगदान गरेको छ।

३.२.४ सिंचाइ

बागमती प्रदेशको कुल क्षेत्रफल २० लाख ३० हजार ४ सय ४३ हेक्टरमध्ये खेतीयोग्य जमिन ५ लाख २१ हजार ९ सय ६१ हेक्टर अर्थात् २५.७० प्रतिशत छ। कुल खेतीयोग्य जमिनमध्ये सिंचाइयोग्य जमिन २ लाख ५८ हजार ३ सय ७१ हेक्टर अर्थात् ४९.५0 प्रतिशत छ । तर सिंचाइयोग्य जमिनमध्ये ५१.१8 प्रतिशत अर्थात १ लाख ३२ हजार २ सय ५६ हेक्टर जमिनमा मात्रै सतह तथा भूमिगत सिंचाइको उपलब्धता छ ।

तालिका ८ : बागमती प्रदेशको सिंचाइ विवरण

विवरण	कुल क्षेत्रफल हेक्टरमा	प्रतिशत
सतह सिंचाइ	१२००१८	90.75
भूमिगत सिंचाइ	१२२३८	9.25
जम्मा	132256	100.00

स्रोतः खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय, बागमती प्रदेश, २०८1

३.२.५ स्वास्थ्य

बागमती प्रदेश सरकार गठन भएदेखि प्रदेशले स्वास्थ्य सेवामा ठूलो योगदान पुऱ्याएको छ । बागमती प्रदेश सरकारले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७६ जारी गरी त्यही वर्ष मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गरेको हो।

तालिका ९ : बागमती प्रदेशको स्वास्थ्य संरचना

विवरण	आर्थिक वर्ष					२०81/82 फागुनसम्म
	२०७६/७७	२०७७/७८	२०७८/79	२०७9/80	2080/81	
क) जम्मा स्वास्थ्य संस्था	**२४५३**	**२६१९**	**२६49**	**२7३3**	**3158**	**3148**
प्रादेशिक अस्पताल	८	१३	१३	१३	१३	१३
विशिष्टीकृत अस्पताल	-	-	-	-	27	27
आधारभूत अस्पताल (५-१५ शैया)	-	-	-	-	73	80
अस्पताल (२५-५० शैया)	-	-	-	-	82	82
अस्पताल (१००-३०० शैया)	-	-	-	-	26	25
प्रतिष्ठान तथा शिक्षण अस्पतालहरु (३००+ शैया)	-	-	-	-	13	13
जनस्वास्थ्य कार्यालय	१३	१३	१३	१३	13	13
आयुर्वेद तथा वैकल्पिक चिकित्सालय	१२	१३	13	१३	13	13
आयुर्वेद औषधी उत्पादन केन्द्र	-	-	१	१	1	1
प्राथमिक स्वास्थ्य केन्द्र	४१	४१	4०	४०	40	29
स्वास्थ्य चौकी	६13	६४३	६४३	६४३	643	642

शहरी स्वास्थ्य केन्द्र	१४०	१८२	182	२००	200	187
आधारभूत स्वास्थ्य सेवा केन्द्र	-	-	-	-	190	190
सामुदायिक स्वास्थ्य इकाई	१२६	१७३	173	१८८	181	181
आयुर्वेद औषधालय	50	50	५०	५१	51	50
निजी अस्पताल	1450	1450	१४७०	१५२०	1540	1550
नागरिक आरोग्य केन्द्र	-	४१	५१	५१	52	52
ख) जम्मा अस्पताल शैया	-	-	-	-	-	**16361**
सङ्घीय सरकारको अस्पताल शैया	2939	2892	3775	4041	4176	4176
प्रादेशिक अस्पताल शैया	162	704	836	836	1275	1275
निजी अस्पताल शैया	10517	10717	11661	10589	10910	10910
ग) सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका	**8685**	**8699**	**8699**	**९००४**	**9354**	**9354**
घ) बागमती प्रदेशमा एम्बुलेन्सको सङ्ख्या	-	-	-	**५५९**	**559**	**287**
स्रोत : स्वास्थ्य तथा						

आर्थिक वर्ष २०७६/७७ देखि २०८१/८२ फागुनसम्मको तथ्याङ्क अनुसार बागमती प्रदेशमा स्वास्थ्य पूर्वाधार र सेवामा उल्लेखनीय वृद्धि छ। जम्मा स्वास्थ्य संस्थाको सङ्ख्या २४५३ बाट बढेर ३१४८ सम्म पुगेको छ । जसमा निजी अस्पतालको सङ्ख्या १४५० बाट वृद्धि भई १५५० पुगेको छ । प्रदेशले प्रादेशिक, विशिष्टीकृत र आधारभूत अस्पताल जस्ता संरचनात्मक विकासमा क्रमशः विस्तार गरेको छ। आधारभूत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य इकाई, शहरी स्वास्थ्य केन्द्र, र आयुर्वेद सेवा सम्बन्धी संरचनालाई पनि बागमती प्रदेशले विस्तार गरेको छ। अस्पताल शैयाको सङ्ख्या २०८१/८२ मा १६,३६१ पुगेको छ, जसमा निजी अस्पतालको शैया धेरै (१०,९१०) छ । तर, सङ्घीय र प्रादेशिक अस्पताल शैयामा पनि वृद्धि गरेको छ । सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाको सङ्ख्यामा सामान्य वृद्धि गरेर प्रदेशले ९,३५४ पुगाएको छ, जसले ग्रामीणस्तरमा सेवा उपलब्धतामा योगदान पुऱ्याएको छ। समग्रमा, स्वास्थ्य संरचना र जनशक्ति विस्तारमा प्रदेशले प्रगति गरेको छ ।

३.२.६ शिक्षा

२०७६ देखि २०८१ सालसम्मको विद्यालय तहको तथ्याङ्कले शिक्षकको सङ्ख्यामा समयानुसार

तालिका १० : **बागमती प्रदेशका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको विवरण (सङ्ख्यामा)**

विद्यालय तह		शैक्षिक सत्र					
		२०७6	२०७7	२०७8	२०७9	२०80	२०81
आधारभूत तह (1-5)	स्थायी	१०२२१	१४६६७	१३२००	१४२४४	१४०५७	१२१२९
	अस्थायी	५५७१	१०४१	२५०८	१४२०	१७३५	३४९६
	राहत	४०७९	३९९७	३९९७	३९९७	४०७९	३६३५

आधारभूत तह (६-८)	स्थायी	२५३१	२०५२	१९४७	२९४४	२९०८	२६४५
	अस्थायी	७१४	२९६	४०१	२४६	३३७	१०८१
	राहत	२२७४	२२१६	२२१६	२२१६	२२७४	२११५
माध्यमिक तह (9-10)	स्थायी	२३२४	२६८५	२७८५	२५४०	२५२९	२५०६
	अस्थायी	४७१	४१५	३१५	०	२६६	१०४१
	राहत	१४६५	१४७३	१४७३	१४७३	१४६५	१५८७
माध्यमिक तह (११-12)	स्थायी	०	०	०	०	०	०
	अस्थायी	३७९	४२३	४२३	४२३	४२३	४१७
	राहत	६५७	८६७	८६७	७६१	६५७	६५३
माध्यमिक तह (9-12)	स्थायी	२६८५	२७८५	२५४०	२५२९	२५०६	२५०६
	अस्थायी	८३८	७३८	४२३	६८९	१४५८	१४५८
	राहत	२३४०	२३४०	२२३४	२१२२	२२४०	२२४०
जम्मा	स्थायी	१५०७६	१९४०४	१७९३२	१९७२८	१९४९४	१९७८६
	अस्थायी	७१३५	२१७५	३६४७	२९८२	२७६१	७४९३
	राहत	८४७५	८५५३	८५५३	८४४७	८४७५	१०२३०
कुल जम्मा		**३०६८६**	**३०१३२**	**३०१३२**	**३११५७**	**३०७३०**	**३७५०९**

स्रोत ; सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश

घटबढ भएको छ । आधारभूत तह (१-५) मा स्थायी शिक्षकको सङ्ख्या १०,२२१ बाट २०७७ मा १४,६६७ पुगेको थियो । पछिल्ला वर्षहरूमा घटेर २०८१ मा १२,१२९ भएको छ । अस्थायी शिक्षकको सङ्ख्या २०७७ सालमा १,०४१ थियो र २०८१ सालमा ३,४९६ पुगेको छ । राहत शिक्षकको सङ्ख्या थोरै घटेको छ । आधारभूत तह (६-८) मा स्थायी शिक्षक सङ्ख्या सामान्य रूपमा स्थिर रहे पनि अस्थायी शिक्षकमा २०८१ मा तुलनात्मक रूपमा बढेको (१,०८१) छ। माध्यमिक तह (९-१०) मा स्थायी शिक्षक सङ्ख्यामा खासै परिवर्तन भएन । तर अस्थायी शिक्षकको सङ्ख्या २०७६ सालमा ४७१ बाट २०७९ सालमा शून्य पुगेर २०८१ सालमा पुनः १,०४१ पुगेको छ । राहत शिक्षकको सङ्ख्या थोरै बढेको छ । माध्यमिक (११-१२) तहमा स्थायी शिक्षकको स्थायी दरबन्दी छैन । अस्थायी र राहत शिक्षकको सङ्ख्या प्रायः स्थिर छ। ९-१२ तहको समग्रमा स्थायी शिक्षकको सङ्ख्य घटेको छ । अस्थायी शिक्षकको सङ्ख्या २०८० र २०८१ सालमा उच्च वृद्धि भएको छ । कुल रूपमा स्थायी शिक्षकको सङ्ख्या लगभग स्थिर भए पनि अस्थायी शिक्षक सङ्ख्यामा २०७७ सालबाट २०८१ सालमा उल्लेख्य वृद्धि भई ७,४९३ पुगेको छ । राहत शिक्षकको सङ्ख्यामा पनि वृद्धि भई १०,२३० पुगेको छ। यसले विद्यालय प्रणालीमा स्थायी पद कम भएकोले अस्थायी र राहत शिक्षकमा निर्भरता बढ्दो छ, जुन दीर्घकालीन गुणस्तर र स्थायित्वका लागि चुनौती हुन सक्छ।

तालिका ११: प्रदेश र नेपालको विद्यालयमा विद्यार्थी सङ्ख्या (हजारमा)

तह		बागमती	नेपाल
आधारभूत तह (१-५)	छात्रा	283	1670
	छात्र	328	1845
	जम्मा	611	3515

आधारभूत तह (६-८)	छात्रा	166	886
	छात्र	190	946
	जम्मा	356	1832
माध्यमिक तह (९-१०)	छात्रा	101	485
	छात्र	109	505
	जम्मा	211	990
माध्यमिक तह (११-१२)	छात्रा	89	332
	छात्र	102	342
	जम्मा	191	674
कुल	छात्रा	640	3373
	छात्र	729	3638
	जम्मा	1368	7011

स्रोत : शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय, काठमाडौं

नेपालमा विद्यालय तहमा कुल ७०,११,००० विद्यार्थी छन् ।जसमध्ये छात्राको सङ्ख्या ३३,७३,००० र छात्रको सङ्ख्या ३६,३८,००० छ । राष्ट्रिय स्तरमा छात्राको तुलनमा छात्रको सङ्ख्या ठूलो छ । बागमती प्रदेशमा विद्यालय तहमा कुल १३,६८,००० विद्यार्थीमध्ये ६,४०,००० छात्रा र ७,२९,००० छात्र छन् । राष्ट्रिय तथ्याङ्क जस्तै बागमती प्रदेशमा पनि छात्रकै सङ्ख्या बढी छ । बागमती प्रदेशमा आधारभूत तह (१-५) मा सबैभन्दा बढी (६,११,०००) विद्यार्थी सङ्ख्या छ । त्यस्तै राष्ट्रिय स्तरमा पनि नेपालमा आधारभूत तह (१-५) मा सबैभन्दा बढी (३५,१५,०००) विद्यार्थी सङ्ख्या छ । तह बढ्दै जाँदा विद्यार्थी सङ्ख्या क्रमशः घट्दै गएको प्रष्ट छ। सबै तहमा छात्रहरूको सङ्ख्या छात्राभन्दा अलि बढी भए पनि दुवैको अनुपातमा खासै ठूलो अन्तर छैन। यसले प्रारम्भिक तहमा उच्च नामाङ्कन भए पनि उच्च तहसम्म जाँदा विद्यार्थी सङ्ख्यामा कमी हुँदै जाने प्रवृत्ति र प्रदेशको विद्यार्थी संरचना राष्ट्रिय ढाँचासँग मिल्दोजुल्दो छ।

बागमती प्रदेश सरकारले सञ्चालन गरेको –एक विद्यालय एक नर्स कार्यक्रम' अत्यन्तै फलदायी र सफल कार्यक्रम हो । यस कार्यक्रम अन्तर्गत हाल बागमती प्रदेशका ८४८ सामुदायिक विद्यालयहरूमा स्टाफ नर्स कार्यरत छन्, जसमध्ये ५१९ विद्यालयमा पहिल्यैदेखि यो कार्यक्रम सञ्चालनमा थियो । बाँकी ३२९ विद्यालयमा प्रदेशले यो कार्यक्रम आर्थिक वर्ष २०८१/८२ बाट लागू गरेको छ । यस कार्यक्रमले किशोरीलाई सर्वाधिक लाभ गरेको छ । उनीहरू महिनावारी बारेमा खुलेर कुरा गर्न थालेका छन् । उनीहरूमा महिनावारीको समयमा स्यानिटरी प्याड निर्धक्क प्रयोग गर्ने बानी बसेको छ । विद्यालयका किशोर किशोरीहरूले स्वास्थ्य, सरसफाई तथा पोषणसम्बन्धी आधारभूत व्यावहारिक ज्ञान हासिल गरेका छन् । विद्यालयका शिक्षक शिक्षिका तथा विद्यार्थीहरूलाई सामान्य चोटपटक तथा स्वास्थ्य समस्या आएमा विद्यालय परिसरमै आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराइरहेको छ ।

३.२.७ संस्कृति

बागमती प्रदेश सरकारले २०८१ बैशाख १२ गते, बुधवार बसेको मन्त्रिपरिषद्को बैठकबाट बागमती प्रदेशमा नेपाली, तामाङ र नेपाल भाषालाई सरकारी कामकाजको भाषाको रूपमा प्रयोग गर्ने निर्णय गरेको थियो । सो निर्णयलाई २०८१ बैशाख २४ गते सोमबारका दिन काठमाडौंको बसन्तपुरमा एक

भव्य कार्यक्रम आयोजना गरी तत्कालिन प्रधानमन्त्री पुष्पकमल दाहालको प्रमुख आतिथ्यमा घोषणा सभा गरिएको थियो ।

३.३ पूर्वाधार क्षेत्र

3.3.1 सडक यातायात तथा पुल पूर्वाधार

सङ्घीयता कार्यान्वयन पश्चात बागमती प्रदेशले सडक तथा पुल पुर्वाधारको क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ। 2081 फागुनसम्म बागमती प्रदेश सरकारले 997.74 कि.मि. प्रादेशिक लोकमार्ग, 4 हजार 6 सय 49 कि.मि. प्रादेशिक मार्ग र 561.18 कि.मि. सहरी तथा स्थानीय सडक निर्माण गरेको छ।

2081 साल फागुनसम्म बागमती प्रदेशको सडक घनत्व प्रादेशिक लोकमार्गको 0.049, प्रादेशिक मार्गको 0.229 र सहरी तथा स्थानीय सडकको 0.028 छ। आर्थिक वर्ष २०८1/82 को फागुनसम्ममा बागमती प्रदेश सरकारले नयाँ सड़क निर्माण 38.2 किलोमिटर, खण्डस्मित सडक स्तरोन्नति 75.95 किलोमिटर, पक्की सड़क स्तरोन्नति 102.18 किलोमिटर, नियमित सडक मर्मत 220 किलोमिटर र आवधिक मर्मत 48.59 निर्माण तथा मर्मत गरेको छ।

तालिका १२ : बागमती प्रदेश सरकारले निर्माण गरेको सडकको विवरण (कि.मि.)

विवरण	ग्रावेल सडक स्तरोन्नति	पक्की सडक स्तरोन्नति	नियमित सडक मर्मत	आवधिक मर्मत	नयाँ सडक निर्माण
सडक (कि.मी.)	७५.९५	१०२.१८	२२०	48.59	३८.२

स्रोत: भौतिक पूर्वाधार विकास मन्त्रालय, बागमती प्रदेश, २०८1

2081 साल फागुनसम्म बागमती प्रदेशमा सङ्घीय सरकारबाट हस्तान्तरण भएको र प्रदेश सरकारबाट निर्मित समेत जम्मा ६ हजार २ सय ८ किलोमिटर छ। जसमा पक्की सडक १ हजार २ सय ३० किलोमिटर, ग्रावेल सडक १ हजार ४ सय ४५ किलोमिटर र कच्ची सडक ३ हजार ५ सय ३३ किलोमिटर छ। जिल्लागत रूपमा सबैभन्दा बढी धादिङ्ग जिल्लामा 688.30 किलोमिटर र सबैभन्दा कम भक्तपुर जिल्लामा 149.82 किलोमिटर सडक विस्तार भएको छ।

२०८1 फागुनसम्म बागमती प्रदेश भित्रका ११९ वटै स्थानीय तहको केन्द्रसम्म सडक सञ्जालले जोडिएको छ। पक्की सडकको पहुँच पुगेको 91 स्थानीय तहको केन्द्रसम्म र सडक पहुँच पुगेको तर पक्की हुन बाँकी 28 वटा स्थानीय तह रहेका छन्।

आर्थिक वर्ष 2080/81 मा बागमती प्रदेशमा कुल 37 वटा सडक पुल, 12 वटा झोलुङ्गेपुल/ट्रस पुल प्रदेशले निर्माण गरेको थियो । आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म थप 15 वटा सडक पुल र 3 वटा झोलुङ्गेपुल/ट्रस पुल निर्माण गरेको छ ।

बागमती प्रदेश सरकारले २०८1 फागुनसम्म कुल 8 वटा सरकारी भवन, 590 वटा सामुदायिक भवन र जनता आवास कार्यक्रम मार्फत 1 हजार 5 सय 58 वटा भवन निर्माण गरेको छ। बागमती प्रदेश सरकारले 2081 फागुनसम्म चेपाङ, माझी, बोटे, वनकरियाका एकीकृत बस्ती कार्यक्रम अन्तर्गत 300 वटा र खरको छाना उन्मूलन कार्यक्रम अन्तर्गत 886 वटा भवन निर्माण गरेको छ। प्रदेश सरकारले 2081 फागुनसम्म 68 वटा प्रहरी इकाई कार्यालयहरूको निर्माण सम्पन्न गरेको छ । र 3 वटा कार्यालय निर्माण गर्दैछ।

बागमती प्रदेशमा दर्ता भएका सवारी साधनको सङ्ख्या आर्थिक वर्ष 2081/82 को फागुन मसान्तसम्म 95 हजार 2 सय 34 पुगेको छ। यातायात क्षेत्र बागमती प्रदेशमा राजश्वको प्रमुख क्षेत्र हो।

४ सुशासन अन्तरसम्बन्धित क्षेत्र

प्रदेश समन्वय परिषद्का बैठक र महत्वपूर्ण निर्णयहरू

शासकीय प्रवन्धका विषयमा प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने प्रदेश समन्वय परिषद्का हालसम्म ५ ओटा बैठक बसी महत्वपूर्ण निर्णयहरू गरी कार्यान्वयन गरिएको छ।

तालिका १३ : प्रदेश समन्वय परिषद्को बैठक र निर्णय

क्र.सं.	वैठक मिति	जम्मा निर्णयहरू	मुलभूत निर्णय
१	२०75 जेठ 7-8	९	नेपालको संविधानले परिकल्पना गरे बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहबीच सहकारिता, सहअस्तित्व र समन्वय अभिबृद्धि गर्न साझा अधिकारका क्षेत्रमा ३ वटै तहका सरकारका काम, कर्तब्य र अधिकार प्रष्ट पार्नका लागि शिघ्र कानून बनाउन नेपाल सरकारसमक्ष अनुरोध गर्ने।
२	2076 जेठ 29-30	२३	प्रदेशभित्र हुनसक्ने सम्भावित विपद्जन्य घटनाको पूर्वानुमान गरी प्रदेशका जनताहरूलाई त्यस किसिमका विपद्बाट हुनसक्ने हानी नोक्सानीबाट जोगाउन विपद्को पूर्वतयारी, प्रतिक्रिया, उद्दार र पुनर्स्थापना लगायतका विषयमा योजनाबद्ध ढङ्गले अघि बढ्न दुवै तहका सरकारबीच आपसी समन्वय एवं सहकार्य गर्न,
३	२०७७ चैत्र 12	२२	प्रदेश समन्वय परिषद्को बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ पारित गर्ने।
४	२०८१ जेष्ठ १०	१८	प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ र प्रदेश व्यापार व्यवसाय ऐन, २०७६ ले रु. ५ लाख सम्मको व्यापार/व्यवसाय स्थानीय तहमा दर्ता हुने प्रावधान बमोजिम स्थानीय तहमा दर्ता भएका व्यापार, व्यवसाय, लगानी, उत्पादन लगायतको विवरणहरू सबै स्थानीय

			तहले प्रदेश सरकार, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयमा पठाउने।
५	208१ माघ ३-4	16	प्रदेशका सबै स्थानीय तहमा कार्यालय सूचना प्रविधि विभागबाट निर्मित र नि:शुल्क प्राप्त हुने एकीकृत सरकारी कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) लागु गर्ने र विभागबाटै उपलब्ध हुने एकीकृत सरकारी वेबसाइट व्यवस्थापन प्रणाली (GIWMS) प्रयोगमा ल्याउन निर्देशन गर्ने।

५ प्रमुख समस्या र चुनौतिहरू

बागमती प्रदेश सरकार स्थापनाकालदेखि विभिन्न चुनौतिहरूको सामना गर्दै, आइपरेका समस्याहरूसँग जुध्दै हालसम्मको अवस्थामा आइपुगेको छ । प्रदेश सरकारको संरचना निर्माण, कर्मचारी व्यवस्थापन, कानूनी व्यवस्थाको अभाव, राजनीतिक अस्थिरता, सरकार गठन र विघटनको शृङ्खला, राजधानी र प्रदेश नामाकरणको विवाद जस्ता अनेकन उल्झन झेलेको बागमती प्रदेश सरकारको सामुन्नेमा अहिले पनि अनेकन चुनौति र समस्याहरू छन् । तिनलाई बुँदागत रूपमा देहाय वमोजिम प्रस्तुत गरिएको छ ।

५.१ प्रमुख समस्या

५.१.१ राजनीतिक अस्थिरता

विगत सात वर्षमा छ पटक सरकार गठन हुनु बागमती प्रदेशमा राजनीतिक अस्थिरताको स्पष्ट उदाहरण हो। बारम्बार सरकार परिवर्तन हुँदा विकासमा बाधा हुनु स्वभाविक हो । एक सरकारका निर्णयलाई अर्को सरकारले निरन्तरता नदिने प्रवृत्ति बढेको छ । यसले अनावश्यक सरकारी खर्च बढाउने र निर्माणाधीन पूर्वाधारहरूलाई अधुरो र अलपत्र बनाउने गरेको छ। सङ्घीय सरकारको फेरबदल र राजनीतिक दलहरूको आन्तरिक निर्णयले प्रदेशमा प्रत्यक्ष प्रभाव पर्दा प्रादेशिक प्राथमिकता ओझेलमा पर्ने गरेको छ। संविधानले तोकेका कतिपय प्रादेशिक अधिकारहरू अझै सङ्घीय सरकारमै सीमित रहँदा तिनको हस्तान्तरणमा पर्याप्त पहल हुन सकेको छैन। प्रादेशिक संरचना स्थापनामा पनि पर्याप्त अध्ययन बिना सङ्घीय सरकारको नक्कल गर्ने प्रवृत्तिले कतिपय संस्थाहरू औचित्यहीन बनेका छन् ।

५.१.२ नीतिगत समस्या

संविधानको अनुसूची-६ अन्तर्गत प्रादेशिक एकल अधिकारसम्बन्धी आवश्यक कानुन अझै बनेका छैनन्, र बनेकाहरू पनि पर्याप्त अध्ययन, विश्लेषण र कार्यान्वयन योग्यता मूल्याङ्कन नगरी

सङ्घीय कानुनको नक्कल गर्दै निर्माण गरेका छन् । कानुन तर्जुमा गर्ने दक्ष जनशक्तिको अभावले विधायनको गुणस्तर कमजोर भएको छ । साझा अधिकारका क्षेत्रमा प्रदेशको स्पष्ट जिम्मेवारी परिभाषित नभएकाले सङ्घीय र स्थानीय तहसँगको कार्यक्षेत्र विभाजनमा समस्या भइरहेको छ। विकास नीतिमा स्पष्ट दृष्टिकोण नहुँदा कार्यक्षेत्रभन्दा बाहिर बजेट विनियोजन हुने, सङ्घीय कार्यालयहरूका लागि समेत प्रादेशिक बजेट छुट्याउने प्रवृत्ति छ।

५.१.३ प्रशासनिक समस्या

सङ्घीय निजामती सेवा ऐन पारित नहुँदा बागमती प्रदेशले आफ्नै ऐनअनुसार कर्मचारी व्यवस्थापन गर्न सकेको छैन । कर्मचारी समायोजन ऐन २०७५ अनुसार पनि सङ्घीय सरकारकै मातहतबाट प्रदेश सचिव र अन्य प्रमुख पदहरूमा खटाइने गर्दा प्रादेशिक योजना र निर्णय कार्यान्वयन ढिलो हुने गरेको छ। शाखा अधिकृत र उपसचिवजस्ता पदहरूमा सङ्घीय कर्मचारीको उच्च अनुपात रहेकाले उनीहरूको व्यक्तिगत सुविधा र सरुवाको प्राथमिकताले प्रदेशको नीति र कार्यक्रम प्रभावित हुने गरेको छ। प्रदेश निजामती सेवा ऐनको अस्पष्टताका कारण पदपूर्ति, सरुवा, बढुवा जस्ता प्रक्रियामा कानुनी विवाद बढ्दै प्रदेश लोक सेवा आयोगको कार्यसम्पादन प्रभावित भएको छ। स्थापना भएको सात वर्ष बितिसक्दा पनि स्थायी संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न नभएकाले संरचना, दरबन्दी, पेन्सन तथा निवृत्तिभरणका दीर्घकालीन दायित्वहरूमा अन्योलता छ।

५.१.४ वित्तीय, योजना तथा बजेट समस्या

प्रदेशको आन्तरिक राजस्व विस्तार भएपनि स्रोत परिचालनको क्षमता कमजोर छ। कानुनी अधिकार सिमित हुनुका साथै विद्यमान कर सम्भावनाहरू (जस्तै- कृषि आयकर, विज्ञापन कर, मनोरञ्जन कर) पनि प्रभावकारी रूपमा सङ्कलन हुन सकेको छैन । सङ्घीय सरकारले समानीकरण अनुदान घटाउँदै लग्दा र राजस्व बाँडफाँडमा कटौती हुँदा प्रदेशको बजेटीय क्षमता सङ्कुचित भएको छ। आवधिक योजना र मध्यमकालीन खर्च संरचना भए पनि यसको पालना नहुनु, आयोजना बैंक पूर्ण सञ्चालनमा नआउनु, तथा वार्षिक बजेटमा अनुत्पादक रूपमा आयोजनामा रकम छर्ने प्रवृत्तिले परिणाममुखी विकास हुन सकेको छैन। बहुवर्षीय आयोजना पर्याप्त बजेट नपाउँदा समयमै सम्पन्न नहुने, बजेट बण्डा मनपरी रूपमा हुने, र विभिन्न कोषहरू स्थापना गरी अपारदर्शी खर्च गर्ने प्रवृत्ति छ ।

५.१.५ स्थानीय तहसँगको सम्बन्ध

सशर्त अनुदानमार्फत कार्यान्वयन हुने कार्यक्रमहरू प्रायः स्थानीय तहको मागमा आधारित नहुनु, स्थानीय तहसँगको समन्वयका लागि छुट्टै संरचना र संयन्त्र नहुनु, र प्रादेशिक योजना तथा कार्यक्रमलाई न्यून प्राथमिकता दिने प्रवृत्तिले प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । प्रदेश निजामती किताबखाना प्रभावकारी रूपमा सञ्चालन नहुँदा स्थानीय तहको कार्यालय तथा कर्मचारी दर्ता कार्य सम्पन्न हुन सकेको छैन। प्रदेश समन्वय परिषद् नियमित रूपमा नबस्नु र साझा अधिकारका कर बाँडफाँडमा समस्या भएको कारण प्रादेशिक-स्थानीय सम्बन्धलाई कमजोर बनाएको छ ।

५.२ मुलभूत चुनौति

प्रदेश सरकारका लागि आफ्नो अस्तित्वको औचित्य पुष्टि गर्नु वर्तमान अवस्थामा सर्वाधिक महत्त्वपूर्ण र चुनौतीपूर्ण कार्य हो। नेपालको संविधानले प्रदेश सरकारलाई सीमित अधिकार प्रदान गरेको छ, जसको स्पष्ट उदाहरण राजस्व सङ्कलन अधिकारमा देखिने सिमितता हो। प्राप्त अधिकारहरूको कार्यान्वयनका सन्दर्भमा पनि सङ्घीय सरकारले अनुदार व्यवहार गरेको छ, जस्तै– प्रहरी समायोजन वा गुठी व्यवस्थापनका विषयहरूमा अधिकार हस्तान्तरणमा ढिलासुस्ती। यसका अतिरिक्त, प्रादेशिक स्रोत र साधनको कमजोरीका कारण ठोस र दृश्यमान पूर्वाधार विकासका योजना पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन। विकासको केन्द्र स्थल बन्नुपर्ने अपेक्षासहित स्थापित प्रदेश सरकार अझै न्यून बजेट र सीमित स्रोत व्यवस्थापनको समस्यामा छ । जसको प्रदेशको प्रभावकारिता र औचित्यमाथि प्रश्न उठ्ने गर्दछ ।

नागरिकको विकाससम्बन्धी अपेक्षाहरू पूरा गर्नु अर्को ठूलो चुनौती छ। उदाहरणका लागि, आर्थिक वर्ष ०८२/८३ देखि कार्यान्वयनका लागि आयोजना बैंकमा समावेश गर्न माग गरिएको प्रादेशिक आयोजनाहरूको सङ्ख्या ३ हजारभन्दा बढी पुगेको छ। यसले प्रदेश सरकारप्रतिको जनताको उच्च अपेक्षा भएको स्पष्ट सङ्केत गर्छ। तर, यथार्थमा उपलब्ध स्रोत, प्रशासनिक क्षमता, र कार्यान्वयन क्षमता सीमित भएकोले ती अपेक्षाहरू पूरा गर्नु अत्यन्त कठिन छ। यस परिस्थितिमा, प्रदेश सरकारलाई आफ्नो रणनीति पुनः परिभाषित गर्दै, स्रोत परिचालनको नवीन उपायहरू अपनाउँदै, प्राथमिकतामा आधारित विकास कार्यान्वयनको माध्यमबाट मात्र नागरिकको विश्वास जित्न र आफ्नो अस्तित्व औचित्य पुष्टि गर्न सकिन्छ।

६ निष्कर्ष र सुझाव

६.१ निष्कर्ष

बागमती प्रदेश सरकारले संस्थागत संरचना विकास, कानुन निर्माण, र भौतिक पूर्वाधार विस्तारका क्षेत्रमा उल्लेखनीय उपलब्धिहरू हासिल गरेको छ। प्रादेशिक योजना आयोग, प्रदेश सभाको सञ्चालन,

र क्षेत्रगत मन्त्रालयहरूको स्थापनाले संस्थागत रूपरेखा निर्माणमा योगदान पुऱ्याएको छ। यद्यपि, उपलब्धि र अपेक्षाबीचको अन्तर अझै फराकिलो छ। राजनीतिक अस्थिरताले यस अन्तरलाई बढाउने प्रमुख कारकका रूपमा काम गरेको देखिन्छ। सात वर्षको अवधिमा नेतृत्वमा भएको बारम्बारको परिवर्तनले नीति निरन्तरता र प्रणालीगत स्थिरता कमजोर बनाएको छ। बागमती प्रदेशमा प्राथमिकता हेरफेर हुने प्रवृत्ति बढी छ।

कानुन निर्माणको सन्दर्भमा, बागमती प्रदेश सभाले हालसम्म निर्माण गरेका कानुनहरूको सङ्ख्या बढी छ । तर, कार्यान्वयनको अस्था कमजोर छ। उदाहरणका लागि, प्रदेश योजना आयोगसम्बन्धी ऐन, प्रदेश लगानी प्राधिकरण ऐन, र कृषि विकास नीति जस्ता कानुन र नीतिहरूको कार्यान्वयनमा स्पष्ट कार्ययोजना र अनुगमन संयन्त्रको अभाव छ। कार्यपालिका र व्यवस्थापिकाले कानुन निर्माण प्रक्रियामा आवश्यक अध्ययन, परामर्श, र बहसमा पर्याप्त समय नदिनु, र सङ्घीय कानुनहरूको नकल गर्दै कानुन निर्माण गर्नु कमजोरी हो।

संरचनागत दृष्टिले, सङ्घीय तहमा विद्यमान निकायहरूको प्रतिरूप प्रदेश तहमा पनि निर्माण गर्ने प्रवृत्तिले स्रोतको दोहोरो प्रयोग र फजुल खर्च बढाएको छ। सेवा वितरणको क्षेत्रमा पनि चुनौती छ। स्वास्थ्य, शिक्षा, र यातायात पूर्वाधारजस्ता क्षेत्रहरूमा जनसन्तुष्टि सर्वेक्षण (२०८१) अनुसार केवल ४१% उत्तरदाताले प्रदेश सरकारले सेवा छरितो, चुस्त, र गुणस्तरीय रूपमा प्रदान गरेको महसुस गरेका छन्।

प्रशासनिक स्वायत्तताको दृष्टिले, नीति निर्माण र कार्यान्वयन तहमा सङ्घीय सेवाका कर्मचारीहरूको बाहुल्य एक प्रमुख समस्या हो। प्रमुख सचिव, प्रदेश सचिव, र महाशाखा प्रमुखजस्ता उच्च तहका पदहरूमा सङ्घीय सेवाका अधिकारीहरू स्थायी रूपमा खटिनु, र प्रदेश लोक सेवा आयोगबाट भर्ना भएका प्रादेशिक सेवाका कर्मचारीहरूलाई नीति निर्माण तहमा सीमित अवसर दिनु, संस्थागत क्षमतावृद्धिका दृष्टिले अवरोधक बनेको छ।

समग्रमा, बागमती प्रदेशको सात वर्षे यात्रा उपलब्धि र चुनौती दुवैको मिश्रण हो। उपलब्धिहरूको संस्थागत स्थायित्व, वित्तीय स्थिरता, र नागरिकमैत्री सेवा वितरणमा रुपान्तरण गर्नका लागि राजनीतिक स्थिरता, कार्यान्वयनयोग्य कानुन निर्माण, अधिकारक्षेत्रको स्पष्टता, बजेटीय कार्यक्षमता, र प्रशासनिक आत्मनिर्भरता अनिवार्य छ। अन्य प्रदेशहरूको सफल अभ्यास र अन्तर्राष्ट्रिय सङ्घीय प्रणालीका उदाहरणहरूको तुलनात्मक अध्ययनबाट सिकाइ आत्मसात गर्नु बागमती प्रदेशको दीर्घकालीन सुदृढीकरणका लागि अपरिहार्य छ।

बागमती प्रदेशको सात वर्षे यात्राले संस्थागत संरचना विकास, कानुन निर्माण, र भौतिक पूर्वाधार विस्तारका क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ। प्रदेश योजना आयोग, प्रदेश सभाको संस्थागत सञ्चालन, र क्षेत्रगत मन्त्रालयहरूको स्थापना जस्ता पहलहरूले संघीय संरचनामा प्रादेशिक शासनको औपचारिक स्वरूपलाई स्थायित्व प्रदान गरेको छ। तथापि, यी उपलब्धिहरू अपेक्षाअनुसार परिणाममुखी बन्न सकेका छैनन्, जसको प्रमुख कारण राजनीतिक अस्थिरता, नेतृत्वमा बारम्बारको परिवर्तन, नीति निरन्तरता अभाव, र प्राथमिकता हेरफेरको प्रवृत्ति हुन्।

कानुन निर्माणको सन्दर्भमा, संख्यात्मक उपलब्धिलाई प्राथमिकता दिइए पनि कार्यान्वयनतर्फको कमजोरीले विधायिकीको प्रभावकारितामा प्रश्न उठाएको छ। यसका अतिरिक्त, संघ र स्थानीय तहको अधिकारक्षेत्रमा हस्तक्षेप गर्ने प्रवृत्ति, संरचनागत दोहोरोपना, र साना तथा बिखण्डित आयोजना विनियोजनले वित्तीय संसाधनको कुशल उपयोगमा अवरोध सिर्जना गरेको छ।

वित्तीय दृष्टिले, बढ्दो आन्तरिक राजस्वले घट्दो वार्षिक बजेटलाई क्षतिपूर्ति गर्न नसकेको तथा स्रोत परिचालनमा रणनीतिक दृष्टिकोणको अभाव रहेको देखिन्छ। सेवाप्रवाहमा छरितोपन, गुणस्तर, र पहुँचको अभावले नागरिकमैत्री शासनको आधार बलियो बन्न सकेको छैन। संघ, प्रदेश, र स्थानीय तहबीचको समन्वय र सहकार्य कमजोर रहँदा नीति तथा कार्यान्वयनमा प्रदेश तहको प्रभाव न्यून बनेको छ। साथै, संघीय सेवाका कर्मचारीको बाहुल्य र प्रदेश सेवाका कर्मचारीलाई नीतिगत तहमा पर्याप्त अवसर नदिइनुले प्रशासनिक स्वायत्तताको विकास अवरुद्ध भएको छ।

समग्रमा, बागमती प्रदेशले आफ्नो अस्तित्वको औचित्य पुष्टि गर्न उल्लेखनीय प्रयास गरे पनि संघीयता सबलीकरण, सेवा वितरण सुधार, वित्तीय स्वावलम्बन, र नीति कार्यान्वयन क्षमतामा अझै पर्याप्त सुधार आवश्यक छ।

६.२ सुझाव

६.२ १. तत्काल गर्नुपर्ने कार्यहरू

नीति स्पष्टता र कार्यक्षेत्र परिभाषा : प्रदेशले जिम्मेवारी र अधिकारको स्पष्ट परिभाषा गर्दै, नीतिगत प्राथमिकता र दीर्घकालीन विकास दृष्टिकोणसँग समन्वय गर्नु ।

कार्यान्वयनयोग्य कानुन निर्माण : कानुन निर्माण प्रक्रियामा पर्याप्त अध्ययन, बहस, र परामर्शलाई अनिवार्य गर्दै, कार्यान्वयन क्षमतासहितका कानुन मात्र पारित गर्नु।

अधिकारक्षेत्र सम्मान: सङ्घीय र स्थानीय तहको अधिकारक्षेत्रको सम्मान गर्दै, प्रादेशिक प्राथमिकताअनुसार मात्र लगानी र कार्यान्वयन सुनिश्चित गर्नु।

वित्तीय कार्यक्षमता सुधार: साना र खण्डित आयोजनालाई निरूत्साहित गरी बहुवर्षीय, उच्च प्रभाव र परिणाममुखी आयोजनामा बजेट केन्द्रित गर्नु।

आयोजना बैंक सुदृढीकरण: आयोजना बैंकलाई कानूनीरूपमा सुदृढ गर्दै, सूचीकृत आयोजनाको अनिवार्य कार्यान्वयन सुनिश्चित गर्नु।

प्रशासनिक स्वायत्तता: सङ्घीय सेवाका कर्मचारीलाई क्रमशः प्रतिस्थापन गर्दै, नीतिगत पदहरूमा प्रदेश सेवाका योग्य कर्मचारीको पदोन्नति र पदस्थापना सुनिश्चित गर्नु।

६.२.२ दीर्घकालीन रणनीतिहरू

राजनीतिक स्थिरता र नीति निरन्तरता: दलगत सहमति र दीर्घकालीन विकास दृष्टिकोणमार्फत स्थिर सरकार र निरन्तर नीतिको वातावरण सिर्जना गर्नु।

स्रोत परिचालन र आर्थिक विविधीकरण: आन्तरिक राजस्व वृद्धिका लागि कृषि-उद्योग सहकार्य, उच्च मूल्यवर्धनका उद्योग, पर्यटन, र सेवा क्षेत्रको विकासमा लगानी बढाउनु।

सेवा प्रवाहमा प्रविधिमैत्री सुधार: डिजिटलीकरण, एकीकृत सूचना प्रणाली, र पारदर्शिता अभिवृद्धि गर्दै सेवा छरितो, चुस्त, र गुणस्तरीय बनाउनु।

अन्तर-तह समन्वय सुदृढीकरण: सङ्घ, प्रदेश, र स्थानीय तहबीचको समन्वयलाई कानूनी र संस्थागत संरचनाद्वारा मजबुत बनाउनु, र नीतिगत निर्णयमा प्रदेशको परामर्शलाई अनिवार्य गर्नु।

मानव संसाधन विकास: प्रदेशस्तरीय निजामती सेवा प्रशिक्षण संस्थान स्थापना गरी प्रादेशिक सेवाका कर्मचारीको दीर्घकालीन क्षमता विकासमा लगानी गर्नु।

अन्तर्राष्ट्रिय अभ्यासबाट सिकाइ: सफल सङ्घीय प्रणाली भएका देशहरूको अभ्यास अध्ययन गरी, तिनीहरूका प्रभावकारी शासन मोडेललाई बागमती प्रदेशको सन्दर्भमा लागू गर्नु।

सन्दर्भ सामाग्रीः

अर्थ मन्त्रालय । (२०८१) । *आर्थिक सर्वेक्षण, २०८१* । नेपाल सरकार ।

आर्थिक मामिला तथा योजना मन्त्रालय । (२०८२) । बागमती प्रदेशको बजेट वक्तव्य २०८२/०८३ । हेटौडा : बागमती प्रदेश सरकार ।

आर्थिक मामिला तथा योजना मन्त्रालय । (२०८२) । प्रादेशिक आर्थिक सर्वेक्षण आ.व. २०८१/०८२ । हेटौडा : बागमती प्रदेश सरकार ।

आर्थिक मामिला तथा योजना मन्त्रालय । (२०८१) । वार्षिक विकास कार्यक्रम २०८१/०८२ । हेटौडा : बागमती प्रदेश सरकार ।

केन्द्रीय तथ्याङ्क कार्यालय । (२०७८) । *जनगणना प्रतिवेदन, २०७८* । काठमाडौँ : नेपाल सरकार ।

नेपाल राष्ट्र बैंक । (२०८१) । *वार्षिक प्रतिवेदन, २०८१* । काठमाडौँ : नेपाल राष्ट्र बैंक ।

नेपाल सरकार । (२०७२) । *नेपालको संविधान* । नेपाल कानुन आयोग ।

महालेखा परीक्षकको कार्यालय । (२०८१) । *महालेखा परीक्षकको प्रतिवेदन, २०८१* । काठमाडौँ : नेपाल सरकार ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग । (२०७५) । *जानकारी पुस्तिका, २०७५* । काठमाडौँ : नेपाल सरकार ।

अनुसूचीहरू

अनुसूची १: बागमती प्रदेशका मुख्यमन्त्रीहरू

क्र.सं.	मुख्यमन्त्रीको नाम	दल	पदभार ग्रहण	छाडेको	कुल अवधि
१	डोरमणि पौडेल	एमाले	२०७४ माघ २८	२०७८ भदौ २	३ वर्ष १८१ दिन
२	अष्ठलक्ष्मी शाक्य	एमाले	२०७८ भदौ २	२०७८ कात्तिक १०	७० दिन
३	राजेन्द्र प्रसाद पाण्डे	एकीकृत समाजवादी	२०७८ कात्तिक १०	२०७९ पुस ८	१ वर्ष ५७ दिन
४	शालिकराम जमकट्टेल	माओवादी केन्द्र ।	२०७९ पुस ९	२०८१ साउन ७	१ वर्ष १९४ दिन
५	बहादुर सिंह लामा	काँग्रेस	२०८१ साउन ९	२०८२ साउन	-
६	इन्द्र बहादुर बानिया	काँग्रेस	२०८२ साउन	बहालवाला	

अनुसूची २: पहिलो प्रदेशसभामा गठन भएका विषयत समिति र सभापति

क्र.सं.	विषयगत समितिको नाम	सभापति
१	प्रदेश मामिला समिति	मा. माधव पौडेल
२	सार्वजनिक लेखा समिति	म. न्हुच्छेनारायण श्रेष्ठ
३	अर्थ तथा विकास समिति	मा. सरेश नेपाल
४	शिक्षा, स्वास्थ्य तथा कृषि समिति	मा. घनश्याम कोइराला
५	उद्योग, पर्यटन तथा वातावरण समिति	मा. रमा आलेमगर

अनुसूची ३: बागमती प्रदेशबाट जारी भएका कानुनहरू					
क्र.सं.	कानुन	जारी सङ्ख्या	जारीमध्ये संशोधन सङ्ख्या	जम्मा	कैफियत
१	ऐन	६६	१६	८२	
२	अध्यादेश	१४		१४	४ वटा प्रतिस्थापन, ६ निष्कृय, ३ जारी ।
३	नियमावली	२६	१६	४२	२ वटा खारेज
४	विनियमावली	२	१	३	
५	निर्देशिका	८	१	९	

६	कार्यविधि	५७	११	६८	५ वटा खारेज
७	मापदण्ड	१४	२	१६	२ वटा खारेज
८	आदेश	७	७	१४	२ वटा खारेज
	जम्मा	१९४	५४	२४८	

अनुसूची ४ : बागमती प्रदेशको आर्थिक तथा सामाजिक परिसूचक

परिसूचक	नेपाल	बागमती
प्रशासनिक र जनसाङ्ख्यिक स्थिति		
स्थानीय तहको सङ्ख्या	७५३	११९
जनसङ्ख्या (प्रतिशतमा)	१००	२१.०
क्षेत्रफल (प्रतिशतमा)	१००	१३.८
आर्थिक तथा सामाजिक क्षेत्र		
आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) प्रतिशतमा	४.६१	५.१८
गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (उपभोक्ताको मूल्यमा)	१००	३६.५२
उपभोक्ता मुद्रास्फीति	3.75	2.98
प्रतिव्यक्ति जीडिपी (अमेरिकी डलरमा)	१४९६	२६०१.५
जलविद्युत उत्पादन (मेगावाट)	३५१२	१५८८
विद्यालय सङ्ख्या	३५४४७	६६९२
विद्यार्थी भर्ना (हजारमा)	७०११	१३६८
वित्तीय क्षेत्र		
बैङ्क तथा वित्तीय संस्थाको शाखा सङ्ख्या	११५४३	३०४१
प्रतिशाखा जनसङ्ख्या	२५२७	२०११
बीमकको शाखा सङ्ख्या	२९९२	८४०
प्रदेशगत खर्च (रू.करोडमा)	१८४११	४४५१
प्रदेशगत राजस्व (रू.करोडमा)	९३६१	२२५०
सञ्चित कोषको मौज्दात (रू.करोडमा)		१९९६

अनुसूची ५ : बागमती प्रदेश सरकारको २०८२ असार मसान्तसम्मको <u>प्रारम्भिक खर्च विश्लेषणको विवरण</u>

मन्त्रालय	बजेट				निकासा/खर्च				प्रगति %			२०८१ असार मसान्त सम्मको जम्मा खर्च	वृद्धि प्रतिशत
	चालु	पूँजीगत	वित्तिय	जम्मा बजेट	चालु	पूँजीगत	वित्तिय	जम्मा खर्च	चालु %	पुँजीगत %	जम्मा %		
202 प्रदेश व्यवस्थापिका	274,206,000.00	51,642,000.00	0.00	325,848,000.00	210,652,456.11	44,935,395.04	0.00	255,587,851.15	76.82 %	87.01 %	**78.44 %**	220,550,251.98	15.89 %
210 प्रदेश लोक सेवा आयोग	101,220,833.00	9,106,000.00	0.00	110,326,833.00	66,508,005.09	7,232,015.81	0.00	73,740,020.90	65.71 %	79.42 %	**66.84 %**	74,924,098.00	-1.58%
216 मुख्य न्यायाधिवक्ताको कार्यालय	21,504,750.00	1,303,000.00	0.00	22,807,750.00	18,410,856.40	1,265,799.00	0.00	19,676,655.40	85.61 %	97.14 %	**86.27 %**	18,194,115.90	8.15%
301 मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	465,316,122.00	16,500,000.00	0.00	481,816,122.00	232,946,699.32	14,005,845.18	0.00	246,952,544.50	50.06 %	84.88 %	**51.25 %**	253,221,318.40	-2.48%
305 आर्थिक मामिला तथा योजना मन्त्रालय	202,001,287.00	53,325,000.00	0.00	255,326,287.00	118,813,220.17	36,875,832.36	0.00	155,689,052.53	58.82 %	69.15 %	**60.98 %**	125,515,926.60	24.04 %
307 उद्योग, वाणि	602,183,917.00	135,733,000.00	0.00	737,916,917.00	419,938,793.24	106,631,371.06	0.00	526,570,164.30	69.74 %	78.56 %	**71.36 %**		

ज्य, भूमि तथा प्रशासन मन्त्रालय													
312 कृषि तथा पशुपन्छी विकास मन्त्रालय	2,152,361,000.00	354,105,000.00	0.00	2,506,466,000.00	1,492,438,900.79	194,198,684.47	0.00	1,686,637,585.26	69.34 %	54.84 %	**67.29 %**	1,980,573,471.71	-14.84 %
313 खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालय	410,254,000.00	7,060,597,000.00	0.00	7,470,851,000.00	305,827,330.73	6,650,974,665.88	0.00	6,956,801,996.61	74.55 %	94.20 %	**93.12 %**	7,456,022,858.21	-6.70%
314 आन्तरिक मामिला तथा कानून मन्त्रालय	274,239,000.00	196,868,000.00	0.00	471,107,000.00	222,646,470.91	155,953,820.97	0.00	378,600,291.88	81.19 %	79.22 %	**80.36 %**	402,857,589.88	-6.02%
325 संस्कृति तथा पर्यटन मन्त्रालय	423,228,000.00	2,218,060,000.00	0.00	2,641,288,000.00	229,798,267.32	1,837,284,975.63	0.00	2,067,083,242.95	54.30 %	82.83 %	**78.26 %**	1,662,161,357.33	24.36 %
329 वन तथा वातावरण मन्त्रालय	1,154,002,010.00	2,235,189,990.00	0.00	3,389,192,000.00	838,254,105.84	1,828,023,201.12	0.00	2,666,277,306.96	72.64 %	81.78 %	**78.67 %**	2,343,637,037.13	13.77 %
337 भौतिक	439,678,000.00	22,693,905,670.00	0.00	23,133,583,670.00	297,371,841.05	17,046,817,312.76	0.00	17,344,189,153.81	67.63 %	75.12 %	**74.97 %**	16,865,410,424.28	2.84%

पूर्वाधार विकास मन्त्रालय													
343 युवा तथा खेलकुद मन्त्रालय	305,469,000.00	515,358,000.00	0.00	820,827,000.00	260,899,873.80	389,965,124.08	0.00	650,864,997.88	85.41%	75.67%	**79.29%**		
350 सामाजिक विकास मन्त्रालय	3,444,597,000.00	495,285,000.00	0.00	3,939,882,000.00	2,677,835,096.70	342,281,076.93	0.00	3,020,116,173.63	77.74%	69.11%	**76.65%**	3,144,293,407.69	-3.95%
370 स्वास्थ्य मन्त्रालय	3,417,553,000.00	743,448,000.00	0.00	4,161,001,000.00	2,732,802,210.61	565,298,216.76	0.00	3,298,100,427.37	79.96%	76.04%	**79.26%**	3,327,775,122.02	-0.89%
371 श्रम, रोजगार तथा यातायात मन्त्रालय	633,245,658.00	313,635,000.00	0.00	946,880,658.00	397,978,172.23	175,922,510.76	0.00	573,900,682.99	62.85%	56.09%	**60.61%**	449,474,231.33	27.68%
391 प्रदेश नीति तथा योजना आयोग	43,206,000.00	2,940,000.00	0.00	46,146,000.00	26,953,403.74	2,029,410.00	0.00	28,982,813.74	62.38%	69.03%	**62.81%**	28,286,425.40	2.46%
501 वित्तिय व्यवस्था तथा शेयर लगानी	0.00	0.00	1,500,000,000.00	1,500,000,000.00	0.00	0.00	0.00	0.00	0.00%	0.00%	**0.00%**	0.00	
602 अर्थ - विविध	3,014,164,555.00	218,471,330.00	0.00	3,232,635,885.00	0.00	0.00	0.00	0.00	0.00%	0.00%	**0.00%**	0.00	

801 स्थानीय तह	8,346,528,878.00	0.00	0.00	8,346,528,878.00	7,674,493,919.87	0.00	0.00	7,674,493,919.87	91.95%	0.00%	**91.95%**	6,160,304,985.97	24.58%
२०८२ को जम्मा	**25,724,959,010.00**	**37,315,471,990.00**	**1,500,000,000.00**	**64,540,431,000.00**	**18,224,569,623.92**	**29,399,695,257.81**	**0.00**	**47,624,264,881.73**	**70.84%**	**78.79%**	**73.79%**	**44,513,202,621.83**	6.99%
२०८१ को जम्मा	**26,290,465,000.00**	**35,918,613,000.00**	**500,000,000.00**	**62,709,078,000.00**	**15,972,502,891.66**	**28,540,699,730.17**	**0.00**	**44,513,202,621.83**	**60.75%**	**79.46%**	**70.98%**		
	-2.15%	3.89%	200.00%	2.92%	14.10%	3.01%		6.99%					

स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय

अनुसूची ६ : बागमती प्रदेश सभा सदस्यको विवरण (२०७९)				
क्र.सं	**पुरा नाम**	**जिल्ला**	**नम्बर**	**राजनितिक दल**
1	माननीय ॐ कुमारी श्रेष्ठ	काठमाण्डौ	9851318560	नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी)

2	माननीय अपसरा चापागाईं	ललितपुर	9851086515	नेपाल कम्युनिष्ट पार्टी (एकिकृत माक्सबादी लेलिनबादी)
3	माननीय अमन कुमार मास्के	काठमाण्डौ	9851049325	नेपाल कम्युनिष्ट पार्टी (एकिकृत माक्सबादी लेलिनबादी)
4	माननीय अमृता नेपाल	सिन्धुपाल्चोक	9851160050	नेपाल कम्युनिष्ट पार्टी (माओबादी केन्द्र)
5	माननीय आनन्द कुमार श्रेष्ठ	रामेछाप	9851012300	नेपाल कम्युनिष्ट पार्टी (एकिकृत माक्सबादी लेलिनबादी)
6	माननीय आशा लामा	काठमाण्डौ	9841424065	राष्ट्रिय प्रजातन्त्र पार्टी
7	माननीय इन्द्र प्रसाद गोतामे	रसुवा	9851159199	नेपाल कम्युनिष्ट पार्टी (माओबादी केन्द्र)
8	माननीय इन्द्र बहादुर बाँनिया	मकवानपुर	9855068181	नेपाली काँग्रेस
9	माननीय इश्वर सापकोटा	चितवन	9855058253	नेपाल कम्युनिष्ट पार्टी (माओबादी केन्द्र)
10	माननीय उत्तम जोशी	चितवन	9855081033	नेपाली काँग्रेस
11	माननीय उध्दब थापा	काठमाण्डौ	9851059976	राष्ट्रिय प्रजातन्त्र पार्टी
12	माननीय उर्मिला कुमारी लामा	ललितपुर	9841049467	नेपाल कम्युनिष्ट पार्टी (माओबादी केन्द्र)

13	माननीय उर्मिला नेपाल	ललितपुर	9851043475	नेपाली काँग्रेस
14	माननीय उर्मिला सुनुवार	दोलखा	9851138075	नेपाल कम्युनिष्ट पार्टी (एकिकृत माक्सबादी लेलिनबादी)
15	माननीय एका लाल श्रेष्ठ	मकवानपुर	9855067690	नेपाल कम्युनिष्ट पार्टी (एकिकृत माक्सबादी लेलिनबादी)
16	माननीय कन्चन चन्द्र वादे	काभ्रेपलान्चोक	9851059251	नेपाली काँग्रेस
17	माननीय किरण थापामगर	भक्तपुर	9851081876	नेपाल कम्युनिष्ट पार्टी (एकिकृत माक्सबादी लेलिनबादी)
18	माननीय कुन्दन राज काफ्ले	दोलखा	9851079738	नेपाली काँग्रेस
19	माननीय कुमारी तामाङ	सिन्धुपाल्चोक	9851025887	राष्ट्रिय प्रजातन्त्र पार्टी
20	माननीय कुमारी मुक्तान	मकवानपुर	9855077622	नेपाल कम्युनिष्ट पार्टी (माओबादी केन्द्र)
21	माननीय कृष्ण कुमार तामाङ	सिन्धुपाल्चोक	9851084720	नेपाली काँग्रेस
22	माननीय कृष्ण प्रसाद शर्मा खनाल	चितवन	9851241966	नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी)

23	माननीय कृष्ण प्रसाद सिलवाल	चितवन	9851001382	नेपाल कम्युनिष्ट पार्टी (एकिकृत माक्सबादी लेलिनबादी)
24	माननीय केशब प्रसाद पोखरेल	काठमाण्डौ	9851087093	नेपाल कम्युनिष्ट पार्टी (एकिकृत माक्सबादी लेलिनबादी)
25	माननीय गंगा नारायण श्रेष्ठ	सिन्धुली	9851139661	नेपाल कम्युनिष्ट पार्टी (माओबादी केन्द्र)
26	माननीय गीता काफ्ले	भक्तपुर	9840256366	नेपाल मजदुर किसान पार्टी
27	माननीय गिर बहादुर तामाङ	चितवन	9855051382	राष्ट्रिय प्रजातन्त्र पार्टी
28	माननीय गीता गुरुङ्ग	चितवन	9841673173	नेपाली काँग्रेस
29	माननीय गोविन्द लम्साल	धादिङ	9841527306	नेपाली काँग्रेस
30	माननीय छिरीङ दोर्जे लामा	काठमाण्डौ	9851097429	नेपाली काँग्रेस
31	माननीय छेत्र बहादुर बम्जन	सिन्धुली	9854041145	नेपाली काँग्रेस
32	माननीय जगन्नाथ थपलिया	चितवन	9855057205	नेपाल कम्युनिष्ट पार्टी (एकिकृत माक्सबादी लेलिनबादी)

33	माननीय जयराम थापा	काठमाण्डौ	9851045590	नेपाल कम्युनिष्ट पार्टी (एकिकृत माक्सबादी लेलिनबादी)
34	माननीय ठाकुर प्रसाद ढकाल	चितवन	9855063665	नेपाल कम्युनिष्ट पार्टी (माओबादी केन्द्र)
35	माननीय ठुला थामी	दोलखा	9844154562	नेपाल कम्युनिष्ट पार्टी (एकिकृत माक्सबादी लेलिनबादी)
36	माननीय डम्बर तामाङ	धादिङ	9851216816	राष्ट्रिय प्रजातन्त्र पार्टी
37	माननीय तारा नारायण श्रेष्ठ	रामेछाप	9844412515	नेपाल कम्युनिष्ट पार्टी (माओबादी केन्द्र)
38	माननीय तिर्थ बहादुर लामा	काभ्रेपलान्चोक	9851035024	नेपाली काँग्रेस
39	माननीय डा. दिनेशचन्द्र देवकोटा	काठमाण्डौ	9851075211	नेपाल कम्युनिष्ट पार्टी (एकिकृत माक्सबादी लेलिनबादी)
40	माननीय दिपेन्द्र श्रेष्ठ	काठमाण्डौ	9851051725	नेपाली काँग्रेस
41	माननीय देबेन्द्र श्रेष्ठ	भक्तपुर	9851160095	नेपाल कम्युनिष्ट पार्टी (माओबादी केन्द्र)
42	माननीय धनेश्वरी प्रजापति	भक्तपुर	9841494919	राष्ट्रिय प्रजातन्त्र पार्टी
43	माननीय नुरज बज्राचार्य	काठमाण्डौ	9861579805	राष्ट्रिय प्रजातन्त्र पार्टी

44	माननीय पुकार महर्जन	काठमाण्डौ	9841622749	नेपाली काँग्रेस
45	माननीय प्रकाश श्रेष्ठ	काठमाण्डौ	9851066627	नेपाल कम्युनिष्ट पार्टी (एकिकृत माक्सबादी लेलिनबादी)
46	माननीय प्रभात तामाङ	रसुवा	9851061633	नेपाली काँग्रेस
47	माननीय प्रेम बहादुर पुलामी	मकवानपुर	9855067899	नेपाल कम्युनिष्ट पार्टी (माओबादी केन्द्र)
48	माननीय प्रेमभक्त महर्जन	ललितपुर	9841400764	नेपाल कम्युनिष्ट पार्टी (एकिकृत माक्सबादी लेलिनबादी)
49	माननीय बहादुर सिंह लामा(तामाङ)	नुवाकोट	9851110759	नेपाली काँग्रेस
50	माननीय बाल कुमारी विस्वकर्मा	काठमाण्डौ	9841710874	नेपाल कम्युनिष्ट पार्टी (एकिकृत माक्सबादी लेलिनबादी)
51	माननीय बिन्दु श्रेष्ठ	काठमाण्डौ	9841584935	नेपाल कम्युनिष्ट पार्टी (एकिकृत माक्सबादी लेलिनबादी)
52	माननीय बिमल ठकुरी	काठमाण्डौ	9851057203	नेपाली काँग्रेस
53	माननीय भरत बहादुर के.सी.	दोलखा	9851143779	नेपाल कम्युनिष्ट पार्टी (एकिकृत माक्सबादी लेलिनबादी)
54	माननीय भारती कुमारी पाठक	मकवानपुर	9851113829	नेपाल कम्युनिष्ट पार्टी (एकिकृत माक्सबादी लेलिनबादी)

55	माननीय भुवन कुमार पाठक	काठमाण्डौ	9851018875	राष्ट्रिय प्रजातन्त्र पार्टी
56	माननीय भुवन केशरी श्रेष्ठ	भक्तपुर	9841119535	नेपाल कम्युनिष्ट पार्टी (माओबादी केन्द्र)
57	माननीय मदु कुमार श्रेष्ठ	धादिङ	9851024019	नेपाली काँग्रेस
58	माननीय मधु सुदन पौडेल	ललितपुर	9851081777	नेपाल कम्युनिष्ट पार्टी (एकिकृत माक्सबादी लेलिनबादी)
59	माननीय मसिना खड्का	सिन्धुपाल्चोक	9851090121	नेपाली काँग्रेस
60	माननीय माईली तामाङ	सिन्धुपाल्चोक	9861752580	नेपाल कम्युनिष्ट पार्टी (एकिकृत माक्सबादी लेलिनबादी)
61	माननीय मातृकाप्रसाद भट्टराई	सिन्धुली	9852832448	नेपाल कम्युनिष्ट पार्टी (माओबादी केन्द्र)
62	माननीय माया कुमारी कार्की	रामेछाप	9854040731	नेपाल कम्युनिष्ट पार्टी (एकिकृत माक्सबादी लेलिनबादी)
63	माननीय मायादेवी शर्मा	धादिङ	9841569566	नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी)
64	माननीय माया श्रेष्ठ	चितवन	9845056467	नेपाली काँग्रेस

65	माननीय मीनकृष्ण महर्जन	ललितपुर	9851025777	नेपाली काँग्रेस
66	माननीय मिना पराजुली पोखरेल	काठमाण्डौ	9851124101	नेपाली काँग्रेस
67	माननीय मोनिका श्रेष्ठ	दोलखा	9864597434	राष्ट्रिय प्रजातन्त्र पार्टी
68	माननीय यमुना देवी श्रेष्ठ	काठमाण्डौ	9851161105	नेपाली काँग्रेस
69	माननीय याङ्किला शेर्पा	काठमाण्डौ	9851025137	नेपाली काँग्रेस
70	माननीय युवराज चौैलागाई	रामेछाप	9851101814	नेपाल कम्युनिष्ट पार्टी (माओबादी केन्द्र)
71	माननीय युवराज दुलाल	सिन्धुपाल्चोक	9851222111	नेपाल कम्युनिष्ट पार्टी (माओबादी केन्द्र)
72	माननीय रघुनाथ महर्जन	ललितपुर	9851032999	नेपाल कम्युनिष्ट पार्टी (एकिकृत माक्सबादी लेलिनबादी)
73	माननीय रत्न प्रसाद ढकाल	काभ्रेपलान्चोक	9851111931	नेपाल कम्युनिष्ट पार्टी (माओबादी केन्द्र)
74	माननीय रमा आले मगर	काठमाण्डौ	9851132808	नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी)

75	माननीय रमेश कुमार महत	नुवाकोट	9851030144	नेपाली काँग्रेस
76	माननीय राजु विष्ट	काठमाण्डौ	9841180980	राष्ट्रिय प्रजातन्त्र पार्टी
77	माननीय राजेन्द्र प्रजापति	काठमाण्डौ	9851019443	राष्ट्रिय प्रजातन्त्र पार्टी
78	माननीय डा. राजेन्द्र मान श्रेष्ठ	भक्तपुर	9851082080	नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी)
79	माननीय राधिका तामाङ	नुवाकोट	9843678271	नेपाल कम्युनिष्ट पार्टी (माओबादी केन्द्र)
80	माननीय रामकृष्ण चित्रकार	ललितपुर	9851084440	नेपाली काँग्रेस
81	माननीय रामकुमार पहाडी	सिन्धुली	9841462607	नेपाली काँग्रेस
82	माननीय राम प्रसाद ढुङ्गाना	नुवाकोट	9851318825	नेपाल कम्युनिष्ट पार्टी (माओबादी केन्द्र)
83	माननीय रामेश्वर श्रेष्ठ	ललितपुर	9851078773	नेपाल कम्युनिष्ट पार्टी (एकिकृत माक्सबादी लेलिनबादी)
84	माननीय रुकु चौलागाई	काभ्रेपलान्चोक	9851084058	नेपाल कम्युनिष्ट पार्टी (माओबादी केन्द्र)

85	माननीय लक्ष्मण लम्साल	काभ्रेपलान्चोक	9841243296	नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी)
86	माननीय लक्ष्मी घिमिरे	रामेछाप	9851198999	राष्ट्रिय प्रजातन्त्र पार्टी
87	माननीय लक्ष्मी देवी श्रेष्ठ	मकवानपुर	9845106594	नेपाली काँग्रेस
88	माननीय वसन्त प्रसाद मानन्धर	काठमाण्डौ	9841528519	नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी)
89	माननीय विनु रायमाझी पौडेल	चितवन	9855065844	नेपाली काँग्रेस
90	माननीय सकुन्तला श्रेष्ठ	भक्तपुर	9851095986	नेपाल कम्युनिष्ट पार्टी (एकिकृत माक्सबादी लेलिनबादी)
91	माननीय शान्ता ढकाल	काठमाण्डौ	9841390813	नेपाली काँग्रेस
92	माननीय शालिकराम जमकट्टेल	धादिङ	9851100109	नेपाल कम्युनिष्ट पार्टी (माओबादी केन्द्र)
93	माननीय शिवराज अधिकारी	धादिङ	9841554693	नेपाली काँग्रेस
94	माननीय शुकमाया तामाङ्ग	सिन्धुली	9816793763	नेपाल कम्युनिष्ट पार्टी (एकिकृत माक्सबादी लेलिनबादी)

95	माननीय शुष्पा भुजेल न्यौपाने	सिन्धुली	9854042042	नेपाल कम्युनिष्ट पार्टी (माओबादी केन्द्र)
96	माननीय शैलेन्द्र मान बज्राचार्य	काठमाण्डौ	9851088666	हाम्रो नेपाली पार्टी
97	माननीय श्याम बहादुर खड्का	काठमाण्डौ	9851021664	नेपाली काँग्रेस
98	माननीय श्रीराम लामिछाने	काठमाण्डौ	9851008857	नेपाली काँग्रेस
99	माननीय समिता खड्गी	काठमाण्डौ	9851052016	नेपाली काँग्रेस
100	माननीय सरल सहयात्री पौडेल	सिन्धुपाल्चोक	9851166555	नेपाल कम्युनिष्ट पार्टी (माओबादी केन्द्र)
101	माननीय सरिता खड्गी	काठमाण्डौ	9843219234	हाम्रो नेपाली पार्टी
102	माननीय सुना परियार	काठमाण्डौ	9841647716	नेपाली काँग्रेस
103	माननीय सुनिल के.सी.	काठमाण्डौ	9851048592	राष्ट्रिय प्रजातन्त्र पार्टी
104	माननीय सुरज चन्द्र लामिछाने	काठमाण्डौ	9851036136	नेपाली काँग्रेस
105	माननीय सुरेन्द्रराज गोसाई	भक्तपुर	9851131591	नेपाल मजदुर किसान पार्टी

106	माननीय सुरेश श्रेष्ठ	भक्तपुर	9851086334	नेपाली काँग्रेस
107	माननीय सृजना सायजु	भक्तपुर	9849728060	नेपाल मजदुर किसान पार्टी
108	माननीय हरि प्रभा खड्गी (श्रेष्ठ)	काठमाण्डौ	9841450357	नेपाली काँग्रेस
109	माननीय हरि प्रसाद सापकोटा	चितवन	9845055144	नेपाल कम्युनिष्ट पार्टी (एकिकृत माक्सबादी लेलिनबादी)
110	माननीय ज्ञान बहादुर तामाङ्ग	काठमाण्डौ	9851191522	नेपाल कम्युनिष्ट पार्टी (एकिकृत माक्सबादी लेलिनबादी)

पूर्वसभामुख माननीय सानुकुमार श्रेष्ठ : प्रदेश एक महत्त्वपूर्ण संरचना हो । संविधानले व्यवस्था गरेबमोजिम सङ्घीय सरकारले समयमा नै ऐन बनाउनु पर्ने हो । प्रदेशले धेरै कानुन बनाएको छ । यसको प्रभावकारी कार्यान्वयनको अनुगमन हुन सकेको छैन । अनुसन्धानमा आधारित कानुन निर्माण गर्नु पर्छ । प्रदेश र स्थानीय तहको सङ्ख्या घटाउनु पर्छ ।

पूर्व मुख्यमन्त्री माननीय शालिकराम जमकट्टेल : प्रदेश नयाँ संरचना हो । प्रदेशले सेवा प्रवाह र विकास निर्माणको काम गर्ने हो । भौतिक पूर्वाधार र सामाजिक विकासको क्षेत्रमा प्रदेशले धेरै राम्रो काम गरेको छ । प्रदेश सरकारप्रति जनताको अपेक्षा बढेको छ । तर सङ्घीय सरकारले बनाउनु पर्ने कानुन र संरचना हस्तान्तरण नहुँदा प्रदेश सरकारबाट हुने सेवा प्रवाह र विकास निर्माणको कार्यमा बाधा भएको छ ।